# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असोज २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ४१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय उदय बहादुर बोहरा ।

(१३:०३ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, दशैं, तिहार, छठ पर्वहरू नजिकिँदै गर्दा बजारमा कृत्रिम अभावको सृजना र अस्वाभाविक रूपमा आकासिएको अत्यधिक चर्को मूल्यवृद्धिले आमउपभोक्ताको ढाड सेकेको छ । अर्को कुरा चर्को मूल्य चुकाएर पनि म्याद गुज्रिएका अखाद्य पेय पदार्थ तथा खाद्य वस्तुहरू बजारमा बिक्री वितरण भइरहेका छन् । त्यसो भ'को हुनाले यसले थप समस्या उब्जाएको छ । सबै खाले खाद्य वस्तुहरू सर्वसुलभ र सहज बनाउन सम्माननीय

अध्यक्षज्यूमार्फत म सम्बन्धित पक्ष र तीनै तहका सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कृष्ण प्रसाद पौडेल ।

**(१३:०४ बजे) माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, बझाङ जिल्लामा गएको भूकम्पमा परी एकको मृत्यु, केही बेपत्ता र दर्जनौं व्यक्ति घाइते भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्न चाहन्छु । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । भूकम्पबाट घरबारविहीन हुन पुगेका नागरिकहरूलाई समेत सुरक्षित स्थानमा बसोबासको व्यवस्था, खाद्यान्न, लत्ताकपडा, औषधीलगायतको सामग्रीको के कस्तो व्यवस्था गरिएको छ? घाइतेहरूको उपचारको प्रबन्धको सन्दर्भमा सरकारले अहिलेसम्म के गरेको छ? त्यसको यथार्थ विवरण सदनलाई जानकारी गराउन सम्माननीय अध्यक्षमार्फत गृह मन्त्रीज्यूलाई अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय विना पोखरेल । समय ७ मिनेट । यसपछि माननीय कुमार दसौदी ।

**(१३:०६ बजे) माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, म आज भ्रष्टाचारबारे केही धारणा राख्न खोज्दैछु । भ्रष्टाचार कहाँबाट सुरू भयो? र कसरी मौलाउँदै गइरहेको छ भन्ने कुरा ५/७ मिनेटमा चर्चा गर्न सकिने विषय हो जस्तो मलाई लाग्दैन । जहाँ व्यक्तिगत स्वार्थ र सम्पत्तिले प्राथमिकता पाउने व्यवस्था हुन्छ । त्यहाँ कुनै न कुनै ढङ्गले भ्रष्टाचार भइरहन्छ र भ्रष्टाचारको अन्त्य गर्न सकिँदैन । त्यसैले व्यक्तिगत सम्पत्ति र व्यक्तिगत स्वामित्त्वको अन्त्य गर्नुपर्ने आवश्यकतामाथि मात्रै जोड दिएका होलान् तर अहिले म यहाँ यता कुरा गर्न गइरहेकी छैन । मेरो बुझाइ नेपालमा भ्रष्टाचारका

प्रारम्भिक रूपहरू सायद अलि फरक थिए । सामन्तवादको दबदबा थियो । भाग्य, कर्म, धर्म, पाप, जन्म, पुर्नजन्म आदिमा बढी विश्वास थियो । चेतनाको स्तर कमजोर थियो । त्यसैले धेरै कुरा बाहिर आउँदैन थिए । राणाकालको अघिल्लो कालखण्ड ऐस आराम गर्ने र जनताको श्रम र पसिना जबर्जस्ती प्रयोग गरेर, ठुला ठुला महल बनाएर, दर्जनौं श्रीमती राखी भोगविलास जीवन, भोग विलासमा जीवन बिताउने कुरा शासकहरूले, शासकहरूको प्रतिस्पर्धा चल्दथ्यो । भने विस्तारै पछिल्लो कालखण्ड राष्ट्रको ढिकुटी दुरूपयोग गरेर विदेशी बैङ्कमा लगेर पैसा जम्मा गर्ने र राष्ट्रको अर्थतन्त्र खोक्रो बनाउने कामको सुरूवात भयो । राणाकाल पछिको सङ्क्रमणकाल, पञ्चायतकाल, बहुदलीय र त्यसपछिको सङ्घीयताको परिवर्तित यो नयाँ कालखण्डसम्म आउँदा पनि भ्रष्टाचारको अन्त्य हुन, हुने भन्दा झन् झन् मौलाउँदै गइरहेको देखिन्छ । सेवाको निमित्त पद होइन कि पैसाको निमित्त पद भन्ने चेतनाले राम्रोसँग काम गरेको छ । पैसा कमाउन राम्रो र ठुलो पद आर्जन गर भन्ने सिद्धान्त जस्तो नै बनिसक्यो । र जबर्जस्ती एउटा परम्परा यसले बसाली सक्यो । भ्रष्टाचारका कुरा गर्दा केबल आर्थिक भ्रष्टाचार मात्र हेर्ने र देख्ने पनि गरिन्छ । राजनीतिक तवरबाट गरेका नीतिगत र कानुनी भ्रष्टाचारहरू अझै छायाँमा छन् । अझै धेरैको ध्यान यतातर्फ गएको छैन ।

अहिलेको गठबन्धन सरकारले चलाएको आर्थिक तथा नीतिगत भ्रष्टाचार विरूद्धको अभियानले भने भ्रष्टाचारका दुवै पक्षहरूलाई बहसमा ल्याएको छ । म सरकारलाई, सरकारले अगाडि बढाएको यो भ्रष्टाचार विरूद्धको अभियानको दृढतापूर्वक समर्थन गर्दछु । म माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वको यो सरकारलाई धन्यवाद दिन चाहन्छु । र सबै किसिमका भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कुरामा यो सरकार सफल हुन सकोस् भनी शुभकामना पनि दिन चाहन्छु । तर सरकारका आफ्ना निकायहरूले राम्रासँग काम गरी प्रशंसा पाइरहेको अवस्थामा फेरी छुट्टै आयोग बनाउने कुराले राज्यका निकायहरू अल्मलिने र भ्रष्टाचार विरोधी अभियानमा गतिरोध पैदा हुने अवस्था सृजना नहोस् । म यो कुरामा पनि सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

अध्यक्ष महोदय, Transparency International ले गरेको सर्वेक्षणमा विश्वका धेरै राष्ट्रहरूभन्दा नेपाल भ्रष्टाचार नियन्त्रणमा पछि परेको छ । भ्रष्टचारमा शून्य सहनशीलताको नीति सरकारले अवलम्बन गरेको घोषणा गरे पनि नतिजामा अपेक्षा गरे अनुरूप सुधार भएको छैन । २०७८/७९ मा ११७ औं स्थानमा रहेको नेपाल २०७९/८० मा ११० औं स्थानमा झरेको छ तर ५० अङ्क ननघाउने देश कम भ्रष्टाचार हुने देश मानिँदैन । १० वर्षको आँकडाबाट हेर्दा नेपालले ३० देखि २९ सम्म अङ्क मात्र ल्याएको देखिन्छ । यो हाम्रो भ्रष्टाचारको निराशाजनक

अवस्था नै हो । विकास निर्माणका काममा ढिलासुस्ती र कमिसन ठेक्कापट्टाका काममा कमिसन, मन्दिरको भेटीमा घोटाला, कर छली, कर, करदरमा अविच्छिन्न चलखेल र हेरफेर हरेक वर्ष अरबौंको बेरूजु र राजनीतिक मेलमिलाप राम्रैसँग भएको देखिन्छ । जबसम्म भ्रष्टाचार गर्नेलाई राजनीतिक संरक्षण गर्ने कामको अन्त्य हुन र राजनीतिक, राजनीतिज्ञ स्वयम् स्वच्छ बन्दैन तबसम्म भ्रष्टाचारको जरो उखेल्न सकिंदैन भन्ने पनि मलाई लाग्दछ ।

अर्कोतर्फ हाम्रो समाजले पनि भ्रष्टाचारलाई प्रोत्साहित गरिरहेको छ । कोही इमान्दार, नैतिकता र अनुसाशित भयो र आफ्नो पद, पेशा र व्यवसायबाट राम्रो कमाउन सकेन भने समाजले उसलाई मुर्ख, बुद्धु भनेर हतोत्साहित गर्छ । तर अर्को उस्तै व्यक्तिले टन्न कमायो भने यसको प्रशंसा गर्दै वाहाइ वाहाइ गर्छ । अहिले कसरी कमायो भनेर त्यसको खोजी गर्दैन । त्यसैले कसरी, कसले कसरी कुन पद, पेशा र व्यवसायबाट कति कमाउन सक्छ भन्ने कुराको चेतना सधैं समाजमा जागृत गराउनुपर्ने देखिन्छ ।

हाम्रो निर्वाचन प्रणाली पनि अत्यन्तै महङ्गो भएको छ । निर्वाचन आयोगले जतिसुकै अङ्क तोके पनि त्यो सीमाभित्र रहेर कसैले चुनाव लड्न सक्दैन निर्वाचन एउटा पर्व हो, ठुलो व्यापार जस्तो बनेको छ । भ्रष्टाचार नियन्त्रण गर्न हामीले अख्तियार गरेको निर्वाचन प्रणाली बदलेर पुनः समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने हो भने राजनीतिक तवरबाट हुने भ्रष्टाचार केही नियन्त्रण गर्न सकिन्छ ।

अब म अलिकति विषयलाई मोड्न चाहन्छु । ठुलो सङ्ख्यामा हाम्रो श्रम शक्ति विदेशिएको छ । (अध्यक्ष महोदय, म अब हाम्रो अन्तिम अन्तिम जस्तै पनि हो यो दशैंको शुभकामना पनि म अलिकति थोरै दिन चाहन्छु । एक मिनेट समय दिनुहोला ।) विदेशिएको छ । अहिले नेपाल सरकारले इजाजत प्राप्त संस्थामार्फत ११० र व्यक्तिगत श्रम स्वीकृतमार्फत १७२ देश वैदेशिक रोजगारमा जानको लागि खुल्ला गरेको छ । विदेशमा जाने श्रम शक्ति घट्नुको सट्टा ३.६८ प्रतिशतले बढेर वार्षिक ६ लाख २८ हजार पुगेको छ । २०५१/५२ देखि २०७८/७९ सम्म आउँदा ७१ लाख २० हजार श्रम स्वीकृति लिएको देखिन्छ । एकातिर विदेशतर्फ जानेको यो कहिले कहाली लाग्दो स्थिति र अर्कोतर्फ जता, जतातते भ्रष्टाचार त्यसमाथि पनि राज्यको उच्च निकायमा बसेकाहरूले नै भ्रष्टाचारमा लिप्त हुने कुराले हाम्रो देशको भविष्य के होला? गम्भीर प्रश्न खडा भइरहेको छ ।

अध्यक्ष महोदय, मैले सक्न आटैं त्यसैले सरकार अझ निर्मम बनोस् । अझ कठोर बनोस् । भ्रष्टाचार नियन्त्रण र श्रम शक्तिको विदेश पलायन रोक्न सरकारले अझ ठोस र कडा कदम चलाओस् , विशेष नीति तथा योजना बनाएर सरकारले आफुलाई र आफ्ना संयन्त्रहरूलाई

योजनावद्ध ढङ्गले परिचालन गरोस् । साथै असोज, कार्तिक महिना नेपाली जनताले मनाउने राष्ट्रिय चार्डपर्वका महिनाहरू हुन । बडा दशौं नजिक आउँदै ..... (समय सकिएको ।)

**सम्माननीय अध्यक्षः**- माननीय कुमार दसौदी । समय १० मिनेट । यसपछि माननीय युवराज शर्मा ।

(१३:१४ बजे) **पीठासीनः**- माननीय श्री दिल कुमारी रावल थापा पार्वती ।

(१३:१४ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज झण्डै झण्डै एक/डेढ महिनापछि बल्ल संसद चलेको हुनाले यसो रोस्ट्रममा उभिन पाइएको छ । यसै सन्दर्भमा मैले खास गरी समसामयिक विषयमा केही कुरा राखौं भन्ने जमर्को गरेको छु ।

अब नेपालीहरूले सबैभन्दा ठुलो चाडबाडको रूपमा मनाउने दसैं सुरु हुन ८/१० दिन बाँकी छ । दसैं आउन ८/१० दिन बाँकी छ, ठुलो चाड हो, दसैं आउँछ, खाउँला, पिउँला, रमाउँला भन्ने नेपालीको चैं उखानै छ, नेपाली त्यसरी नै रमाउँछन् । तर हाम्रो जनताको अवस्था भनेको यो दसैं त आयो, के आउँथ्यो? दशा लाग्यो भन्या जस्तो भा' छ । बजारमा सामान पाईंदैन, काला बजारी भा' छ । जनतासँग दसैं मान्ने १ पैसा पनि छैन । उनीहरू साँझ बिहान कसरी टार्ने, दसैं त झन् धेरै परको कुरा भइहाल्यो । अब यति महङ्गी बढेको छ, यति महङ्गी बढेको छ, त्यसको भनी साध्य छैन । १ कप चामल हालेर माड बनाएर साँझ बिहान खाने जनताको अवस्था छ । जनता आज महङ्गीको मारले आतङ्कित छन् । सरकारको ध्यान फिटिक्कै जाँदैन । सरकार के गर्छ? सरकार के गर्छ भने को को तस्कर छन्, कसले सुन बोक्छ, कसले तस्करी गर्छ, २ नम्बरी काम गर्छ, त्यसको मात्रै संरक्षण गर्छ, त्यसको मात्रै सुरक्षा गर्छ । जनताको समस्याप्रति किञ्चित् पनि उसलाई चिन्ता छैन । मैले हिजो मात्रै हेऱ्या थिएँ, छोरो जन्मने कहिले हो कहिले, कन्दनी बाँध्ने अहिले भन्या जस्तो निर्णय भा' छैन, निर्णय गऱ्या छैन, त्यहाँ अरबौंको सामान खरिद गरिसक्यो । त्यो केका लागि भन्दा सरकार कहाँबाट कमिसन आउँछ, कहाँबाट पैसा आउँछ? यो सरकार जनताप्रति उत्तरदायी थोरै मात्रामा नि छ कि छैन? त्यो चाहना राख्छ कि राख्दैन? सरकारले कम्तीमा पनि हाम्रा जनताले कर तिरेका छन्, कर तिरेका जनतालाई सुलभ ढङ्गले चैं चाडबाड मान्ने अवस्था बनोस् भन्ने वातावरण तयार पार्न किन सक्दैन? त्यसकारण आज हामी सरकार सञ्चालन गर्ने नाममा चौतर्फी अस्तव्यस्त बना'का छौं,

जनतालाई आहत दिएका छौं । ४ वर्षअगाडि ४ पर्सेन्ट महङ्गी रहेको मुलुकमा अहिले चैं ८ पर्सेन्ट छ । अब अरूतिर चैं part/part मा हेर्दा ..... २६/२७ पर्सेन्ट पुगिसक्यो । १ किलो पिठो किन्न जानै पनि अहिले लगभग ८०-९० रुपैयाँ पर्छ । जनता हैरानी छन् । डिजेल, पेट्रोल यति चैं महङ्गो बनायो । १०२ रुपैयाँमा हामी पेट्रोल खरिद गर्छौं । हामी जनतालाई बेच्दाखेरि १८३ रुपैयाँमा बेच्छौं । त भाडा त कति लाग्छ होला? १ लिटर त चैं इन्डियाको border बाट यहाँसम्म ल्याउनलाई १ रुपैयाँ अथवा ५० पैसा, कति लाग्छ होला भाडा? तर हामी यहाँ १ सय per liter ८३ रुपैयाँ तिरिराख्या छौं । राज्य जनताहरूलाई मारेर जनतासँग लुट्नका लागि यो सरकार बनेको कि जनतालाई सेवा सुविधा, राहत उपलब्ध गराउनको लागि यो? यसको जवाफ सरकारले दिनुपर्छ ।

आज gas हरेक ठाउँमा वन संरक्षण गर्न वन उपभोक्ता समिति बनिसकेपछि मान्छेले दाउरा, घाँस काट्न पाउँदैन । गाउँ गाउँमा माथि पहाडसम्म कुना कन्दरामाथि हिमालसम्म चैं अहिले हाम्रा gas का cylinder लगेर मान्छेले भात पकाउँछन् । तर एउटै gas को cylinder ले हामी अहिले ४/५ वर्षको period मा झण्डै ७/८ सय रुपैयाँ बढाइसक्यौं । हामी gas लाई व्यापार गर्ने र पकाएर खाने कुराको भिन्न किन छुट्याउन सक्दैनौं? कम्तीमा पनि किसान एउटा सामान्य पकाएर खाने मान्छेले अलि सस्तोमा खाना पकाउन पाओस् भनेर दुई थरीको व्यवस्था गरेर जनतालाई अलि सस्तो, अलिकति अनुदान दिएर व्यवस्था गर्न सक्छौं नि । तर सरकारको फिटिक्कै त्यसप्रति ध्यानै छैन । त्यसकारण यस्ता कुरामा सरकारको किन ध्यान जाँदैन? हामी हिजोजस्तै सामन्ती संस्कारबाट सरकार चलाइरहेका छौं कि लोकतान्त्रिक व्यवस्थाभित्र रहेर जनताबाट जनमत लिएर जनतालाई राहत दिने गरी सरकार चलाइरा' छौं? यसको जवाफ सरकारले दिनुपर्छ । त्यसकारण यत्रा ठुला चाडबाड आ'का बेलामा अभावग्रस्त बनाउने काला बजारीहरू सक्रिय छन्, यसो चैं अनुगमनको नाममा खालि पैसा कताबाट आउँछ भन्ने कुरामा चैं अनुगमन हुन्छ होला तर यथार्थमा छैन । त्यसकारण तत्काल जनतालाई राहत दिने काम गरियोस् । म यो कुरा राख्न चाहन्छु ।

यसको साथसाथमा यी बिचमा धेरै कुराहरू, घटना भएका छन् । हिजो कोशीमा कोशी प्रदेशले नाम राख्यो, कोशी प्रदेश संसदले नाम राखिसकेपछि पहिचानका नाममा हामी सत्ताधारी दलबाट अलि अलि भित्र भित्र उचाल्ने कोसिस गऱ्यौं । उचाल्दा उचाल्दै त्यो आज कोशी, धरान, सर्लाही हुँदै नेपालगञ्जसम्म चैं अब धार्मिक रूपमा सम्म जातजाति होइन, पहिचान होइन, धार्मिक युद्धसम्म चैं हुनेमा मुलुक पुगिसक्यो । कर्फ्यु लगाउनुपर्ने अवस्था भइसक्यो । संविधानमाथि, व्यवस्थामाथि गम्भीर ढङ्गले प्रश्न उठाइरहेका छन् । त्यसप्रति हाम्रो कुनै चासो

छैन । अलिकति पनि हामीले राज्य सञ्चालन गर्दा कम्तीमा लोकको लाज राखेन भने कसरी मुलुक चल्छ? २९/२९ जना मान्छेले चैं न्यायाधीश हुनको लागि exam दिन्छन्, अनि १ जना पास हुन्छ, सबै फेल हुन्छन्, भोलि न्यायाधीशको नियुक्ति बुझ्दा सबैले बुझ्छन् । हामीले चलाउन खोज्या व्यवस्था यही हो? हाम्रो संविधानले यही भन्छ? हामीसँग यति पनि लोकलाज छैन? कसरी जान खोज्दै छौं हामी? के हामीलाई जनताको बिचमा जान पर्दैन? त्यसकारण यस्ता अलोकतान्त्रिक निर्णयहरू यो सरकारले किन गर्छ? द्वन्द्व बढाउन किन चाहन्छ? समाजमा शान्ति अमनचैन कायम गर्न सरकार किन लागी पर्दैन? यस्ता गम्भीर विषयहरू अहिले चैं उठिरहेका छन् र कतै स्वयम् सत्ताधारी गठबन्धन सरकार नै व्यवस्था र संविधानको खिलाफमा जान खोज्या त होइन? आज हरेक मान्छेले प्रश्न उठाइरहेका छन् । त्यो प्रश्नको जवाफ हामीले त व्यवहारबाट दिने होला नि । तर हाम्रा व्यवहार अझै हाम्राविरुद्धमा चैं ठुलो जनमत तयार होस् र हाम्रोविरुद्धमा जाओस् भन्ने ढङ्गले आज जनमत तयार भइरहेको छ । तर सरकारलाई कुनै चिन्ता छैन । महङ्गी बढोस्, समाजमा द्वन्द्व चलोस्, कुनै मतलब छैन । त्यसकारण हामीले कम्तीमा पनि हाम्रो चैं व्यवस्थालाई सकेसम्म सुदृढ र अधिकभन्दा अधिक जनताको हितमा, जनताको पक्षमा कसरी काम गर्ने, कसरी लगाउने भन्ने कुरा चैं हामीले सोच्नैपर्छ, त्यो ढङ्गले जानैपर्छ, त्यस दिशामा हामी उन्मुख हुनैपर्छ । तितो लाग्ला सुन्दाखेरि मन्त्रीज्यूहरूलाई तर तितो मान्ने कारण छैन । किनभने तपाईंहरूले गर्ने व्यवहार यस्तै छन् र यस्तै व्यवहारका कारणले हामीले चैं प्रश्न उठाउनुपरेको छ, भन्न परेको छ ।

आज भूकम्प ग'को छ । १ जना मान्छे मर्नुका साथसाथै १९/२० जना घाइते भएका छन् । कति विद्यालय भवनहरू ढलेका छन्, मान्छेका घर भत्किएका छन् । त्यसप्रति कति परिचालित हामी तल स्थानीय निकायले गऱ्या छौं? माथिबाट कति व्यवस्थापन गऱ्या छौं? अहिले चैं औषधी पाएर मान्छे एउटा चैं बस्न नि नपाएर बाहिर आकाशमुनि बस्न बाध्य छन् । त्यहाँ कम्तीमा पनि हामी राहतहरू जुटाएर लान सक्छौं । सरकारको तदारुकता त्यसप्रति देखिँदैन । सरकारको तुरुन्त ध्यान जाओस् । भूकम्प पीडितहरूले चैं राहत पाउन् । म मृतकप्रति समवेदना व्यक्त गर्न चाहन्छु र घाइतेहरूको शीघ्र सरकारले सबै घाइतेहरूको निःशुल्क उपचार गरोस् । र भत्किएका भवनहरू निमार्ण गर्नेतर्फ तत्काल कदम चालोस् । म यहाँबाट माग गर्न पनि चाहन्छु ।

र अहिले दसैं आएको छ, बाटाघाटा, गाडी हिँड्न ..... छैनन् । कहाँ कतिखेर कुन गाडी कतिखेर कहाँबाट पल्टिने ठेगान छैन । अहिलेसम्म टिकट खोलेको छैन । भाडा कति हो? थाहा छैन । सरकार सुतेर बसेको छ । कम्तीमा पनि दसैंका बेला मान्छेहरूले टिकट ल्याएर

ढुक्कसँग म दसैं मात्र घर, गाउँ जान पाउन पाए हुन्थ्यो अथवा आफन्तकहाँ जान पाए हुन्थ्यो भन्ने हरेक मान्छेलाई लागेको छ मनमा । तर हामीले त्यसप्रति कुनै खालको चासो, हेक्का राखेका छैनौं । त्यसकारण तत्काल बाटाघाटाहरू मर्मत सम्भार गर्ने निर्बाध रूपले ठुलो सङ्ख्यामा गाडी चल्छन्, ती गाडीहरू निर्बाध रूपले चल्ने व्यवस्था सरकारले बनाउनुपर्छ । र तत्काल सकेसम्म सुलभ तरिकाले जनताले चैं हरेक सामानहरू उपलब्ध पाउनुको साथसाथै यातायात पनि सुलभ ढङ्गले चैं जान, यात्रा गर्न पाउने व्यवस्था सरकारले गर्नुपर्छ । र ticket booking चाहे हवाई टिकट होस्, चाहे बस टिकट होस्, चाहे अन्य साना गाडी होस्, त्यसको तत्काल सरकारले खोल्ने र जनताले चैं आफू सुरक्षित ढङ्गले भोलि यात्रा गर्न सकिन्छ दसैं तिहारको लागि भन्ने खालको व्यवस्था सरकारले गर्नुपर्छ । यो अहिलेसम्म नगरेको देख्दाखेरि हामीलाई पनि दुःख लागेको छ । सरकारको म ध्यान आकर्षण गराउन चाहन्छु । र तत्काल त्यसको निर्णय गरेर सरकारले भोलिदेखि नै यो कुरा अगाडि बढाओस् .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय युवराज शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१३:२५ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, जेठको महिनामा कसैले सलाइको काँटी कोरी जङ्गलमा फाल्छ भने दोष फाल्नेको हुन्छ । तर भुक्तनु धेरैलाई पर्छ । कहिले काहीं सरकारले ल्याउने विधेयक त्यस्तो कोरेर फालेको सलाइको काँटी जस्तो किन भइदिन्छ? त्यसैले कुनै पनि विधेयक प्रस्तुत गर्दा धेरै सतर्कता, त्यसको प्रभावको अध्ययन बेलैमा गर्न सक्नुपर्दछ । भर्खरै व्यापक हडतालपछि शिक्षक महासङ्घ र सरकार बिच सम्झौता भएको छ । आज सख्त विश्वासको सङ्कटमा गहिरिएको बेला ती सम्झौता कार्यान्वयन गर्ने सरकारको नैतिक जिम्मेवारी हो भने अर्कोतिर संविधानको पालना गर्नु बाध्यता हो । यस्तो धर्म सङ्कटमा प्राय सरकार किन फस्ने गर्दछ? हिजो पनि सरकारको निर्णय सर्वोच्च अदालतले उल्टाएकै हो । पहिला पहिला कानुनको ९ सिङ्ग साथै गरिबलाई ऐन र धनीलाई चैन भन्ने गरिन्थ्यो गाउँघरतिर । आज पनि भनिन्छ, जनजिब्रोबाटै यो वाक्यांश किन हट्न सकेको छैन? म यहाँ एक जना मित्रले आज कानुनको १२ सिङ्ग पलाएको र त्यो सिङ्ग कुनै काँडेघारमा अड्केर कानुन छटपटाइरहेको भनी व्याख्या गर्दा म स्वयम् अचम्ममा परेको छु ।

समय घर्काएर विधेयक पारित हुनु र हाम्रो अदालतमा पनि वर्षौं मुद्दाको फैसला हुन्न र त्यस्तो बोझिलो प्रक्रिया अपनाएर भएको फैसलाहरूद्वारा दण्डित अपराधी कुनै राष्ट्रिय दिवसको

अवसर पारी छुट्नु, त्यो पनि थोकको भाउमा वर्षको हजारको दरले । यो लोकतन्त्र र कानुनको शासनको लागि राम्रो होइन । कानुन सम्मत ढङ्गले छोडे पनि बाहिर निस्केर पुनः अपराध गरे को जिम्मेवार हुने? अथवा सर्वोच्च अदालतले यस्तो कुनै निर्णय उल्टायो भने के हुने? स्थिति, अवस्था, चालचलन हेरी मुक्त गरेमा आपत्ति हुँदैन थियो, यत्रो आलोचना पनि हुँदैन थियो ।

आज पूर्वपश्चिम सबैतिर शान्ति सद्भाव खलबलिँदै छ । सायद कुनै कुतत्त्वले ठुलो तयारीको लागि परीक्षण गर्दैछ तर त्यहाँका प्रहरी प्रशासन निष्तेज किन देखिन्छन् । सलाइका काँटि कोरेर फाल्ने, त्यस्तो निर्देशन दिने किन गुप्त छन्? नागरिक जान्न चाहन्छन् । प्रायोजित भनेर उम्कन मिल्दैन । निष्पक्ष रूपमा सरकारले दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्दछ । नम्बर एक भन्ने त्यो र विश्व गुरू भन्ने होडमा रहेका हाम्रा दुई छिमेकी मित्रबिच पनि हामीले खाद्यान्न सङ्कट व्यहोर्नुपरेको छ । छिमेकी प्रथम भन्ने कुरा कतै हाम्रा मित्रहरूले बिर्सन त बिर्सेनन्? सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणले कति सम्झाउन सक्यो छिमेकी मित्रलाई? सम्झाइएका होला भन्ने अनुमान गर्दछु ।

सम्माननीय अध्यक्षज्यू, समय र धर्म निरपेक्ष कानुन, बढ्दो करको दरहरूले समाजलाई अनैतिक, अराजक र विद्रोही बनाउँछ । भन्सारमा चोरी पैठारी, कर छली यसका साना नमुना नै हुन् । यसतर्फ ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । त्यसैले सरकार सञ्चालनमा भिजन र मिसन दुवै आवश्यक छ, साथै सबैका सुझाव, सल्लाह सुनी धारणा बनाउने प्रवृत्तिको विकास पनि । डेढमा आफु र आधामा दुनियाँ भनी डेढ अक्कलिया बन्नु कदापि राम्रो होइन । त्यसैले म हेलो सरकारको अझै विस्तार होस् भन्ने चाहन्छु । राम्रो सुझाव, सल्लाहलाई पुरस्कृत गर्न सुझाव पनि दिन चाहन्छु ।

विकासको सम्बन्धसमेत सबै विषयमा मन्त्रालय र सरकारका आफ्नै समस्या होलान् । त्यस्तै जनताको पनि आफ्नै आकांक्षा, ती अप्ठेरा र आकांक्षालाई सम्बोधन गरी निकास दिन सक्नु नै नेतृत्व तहको खुबी हुनुपर्दछ । विकास निर्माणका काम समयमा पूरा नहुनु ठुलो समस्या बनेको छ । सबै प्रणाली शासन गरेका देखिन्छन्, सोझो गर्न सक्नुपऱ्यो । अहिले मन्त्रिपरिषद्को निर्णयले नेपाल आयल निगमले घटाएको पेट्रोलियम पदार्थको मूल्य र नागरिकलाई राहतका लागि खोलेका सस्तो र सुलभ पसल स्वागत योग्य छ । त्यस्तै जम्माखोरी, कालोबजारी विरूद्ध बढाइएको अनुगमन स्वागत योग्य छ । वास्तवमा आज सबै क्षेत्रमा कठोर कदम चाल्न आवश्यक देखिन्छ र त्यसको निरन्तरता पनि । आज भन्साको महङ्गीभन्दा पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा महङ्गीले जनताको डँडाल्नो सेक्दैछ । सामुदायिक विद्यालयमा स्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बीमाको प्रभावकारीता वृद्धि, अस्पतालहरूको

प्रभावकारी नियमन र अनुगमन, नियन्त्रण अनिवार्य देखिन्छ । त्यस्तै समय सापेक्ष स्वास्थ्य र शिक्षा नीति पनि, तथापि तस्करहरू चोरी, पैठारीको वस्तु समातिएको छ, यो राम्रो पक्ष हो ।

सम्माननीय सभापतिज्यू, आज नेपालमा आर्थिक मन्दी छ वा छैन भनी बहस गर्नु आवश्यक छैन । यस वर्ष प्रक्षेपण गरिएको सम्भवतः आर्थिक वृद्धिदरले धेरै कुरा बोलेकै छ । कैयौं किसिमका विश्लेषणहरू छन् । र एउटा कुरा त प्रष्ट छ, आजको आर्थिक अवस्था १/२ वा ५/१० वर्ष मात्रको परिणाम भने होइन । धेरै पहिलादेखि बल्झिँदै गएको समस्या हो । साझा विचारबाट साझा धारणा विकास गरी अघि बढ्नु नै आजको आवश्यकता र त्यो नै राष्ट्रिय हितमा पनि छ ।

सम्माननीय सभापतिज्यू, यसका साथै अहिले नेपालगञ्जमा जुन हिंसात्मक दङ्गा फैलियो र आज अलिकति त्यो नरम पनि भएको छ । यसतर्फ तुरून्त कसले यो दङ्गा गरा'को हो? को यो दङ्गा गराउने व्यक्ति हो? त्यसको पहिचान गरी, दङ्गा हुनुपर्ने कारणको पहिचान गरी त्यसको समाधान गर्न सरकार प्रस्तुत होस् भन्ने म विश्वास राख्दै विदा हुन्छु । जय नेपाल । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय ६ मिनेट । त्यसपछि माननीय डाक्टर विमला राई पौडयाल ।

(१३:३१ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी विशेष समयमा समसामयिक विषयमा बोलिरहँदा माननीयहरू रोस्ट्रममा जान्छन्, सरकारले यो गरेन, त्यो गरेन, negative मात्रै कुरा गर्छन् भनिरहनुभा' होला, त्यसो भएर आज म positive कुराबाट नै सुरुवात गर्न चाहन्छु । हामीले जनताले खाने पानी pumping गरेको ठाउँमा अत्यन्तै महङ्गो भयो र pumping गरेर खाँदाखेरिमा जनताले महसुस गर्न सकेनन् । सरकारले कम्तीमा 50 percent महसुल घटाइदिनुपर्छ भनेर हामीले रोस्ट्रमबाट विभिन्न माध्यमबाट सरकारको ध्यान आकर्षण गराइरहेकै थियौं, सरकारको ध्यान आकर्षण भएछ । क्याबिनेटले पास गरेर अहिले उपभोक्ताले 50 percent महसुल खानेपानीमा छुट पाउने जुन परिपत्र भएको सुन्न पाउँदा मलाई असाध्यै खुसी लागेको छ । त्यसैले म यो सरकारलाई धन्यवाद भन्न चाहन्छु । प्रत्यक्ष रूपमा जनतालाई फाइदा हुने निर्णय गरेर, छिटोभन्दा छिटो निर्णय गरेर आज तिमीले कति पैसा तिर्छौ? भनेर सोधिरहँदा मैले पनि भने मेरो खानेपानी वार्षिक अहिले गएको वर्षको चैं खर्च २२ लाख २२ हजार, कसरी उपभोक्ताले थानेको थियो होला? कम्तीमा अब ११ लाख ११ हजारले चैं अहिले उम्कने भयौं, हामी सुख

पाउने भयौं, त्यसो भ'को हुनाले यो देशभरिका आम उपभोक्ता खुसी भएका होलान् । र यो निर्णय भएर आएको देखेर म पनि अत्यन्तै खुसी भएको छु । म यो धन्यवाद भन्न चाहन्छु सरकारलाई । पहिलो कुरा ।

दोस्रो कुरा, आज हामी विधायन र विधेयकको विषय प्रस्तुत हुँदै छ । हामी भोलि त्यो छलफल, हामी छलफल पनि गर्ने छौं । यो संसदले बनाउने ऐन, संसदले प्रस्तुत गर्ने मस्यौदा ऐनको विषय छलफल गरिरहँदा म भर्खरै मात्रै जिल्ला गएर करिब २० दिन बसेर आउँदाखेरिमा मैले स्थानीय तहको १० ओटा तहको र जिल्ला समन्वयले आह्वान गरेर र सरकारी कार्यालयको १५ ओटाको प्रगति समीक्षामा बस्ने अवसर पाएँ । त्यहाँ उहाँहरूको कुराहरू सुन्दाखेरिमा निजामती कर्मचारी ऐन नबनेको कारणले गर्दा 50 percent भन्दा बढी कार्यालयहरूमा कर्मचारीहरू छैनन् । पहाडका जनसङ्ख्या मात्रै खाली भएको होइन । पहाडमा भएका कार्यालयमा कर्मचारी पनि खाली भएका छन् । त्यसो भएको हुनाले यो कुरालाई मध्यनजर गरेर छिटोभन्दा छिटो सरकारले पेस गरेको विषयमा त्यहाँ भनेबमोजिम, गरेबमोजिम भन्ने कुराहरू पनि रहेछन् । त्यस्तो कुरा नभइकन ठ्याक्कै ठ्याक्कै हुने गरी, जनतालाई राहत पुग्ने गरी, त्यो खाली भएका अभावहरूलाई पूरा गर्न सकिने गरी, स्वास्थ्यमा हेर्‍यो त्यस्तै छ, शिक्षामा हेर्‍यो त्यस्तै छ, घरेलुमा हेर्‍यो ३ जना मात्रै कर्मचारीहरू हुनुहुन्छ । कसरी हाम्रो संरचनाहरू चल्न सक्छ? हाम्रो संरचनाहरू चल्नको निम्ति त सबै ठाउँ हाम्रो चैं दक्ष जनशक्तिहरू हुँदाखेरिमा चल्ने हो । यो खालको अवस्था भएको हुनाले सरकारले बनाउने ऐन, कानुनको कुराहरू गर्दा अहिले भएका यी अभावहरूलाई परिपूर्ति गर्नको निम्ति छिटोभन्दा छिटो हामीले यो कर्मचारी ऐन व्यवस्था गरेर हामीले त्यो ठाउँहरूमा पूर्ति गर्न सकियोस् । कतै कर्मचारीहरू थुप्रिने, कतै कर्मचारी खाली हुने कुरा सरकारले छिटोभन्दा छिटो ध्यान दिनुपर्‍यो । म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । यहाँ कानुन मन्त्री पनि हुनुहुन्छ, हाम्रा विभिन्न सरोकारवाला मन्त्रीहरू यहाँ आज महत्त्वपूर्ण मन्त्रालयका मन्त्रीहरू उपस्थित भइरहँदा म क्याबिनेटको ध्यान आकर्षण गरेर यो काममा छिटोभन्दा छिटो सरकारले जनतालाई राहत पुर्‍याउन सकोस् भन्ने कुरा चैं म राख्न चाहन्छु ।

र साथीहरूले पनि उठाउनुभएको छ, महङ्गीको कुरा । हामी विशेष चाडको मुखमा छौं । हामीले तिजको, महिलाहरूको महान् चाड तिजलाई बिदा गर्‍यौं । अब हाम्रो अगाडि सोह्रश्राद्ध, दसैं, तिहारहरू आइरहेका छन् । मान्छेले सहज रूपमा आफ्नो घरमा चाड मनाउन जान सक्ने अवस्था महङ्गीले गर्दा छैन, यातायातको स्थिति हेर्‍यो भने छैन, बाटोको समस्या हाम्रो उस्तै छ । हामी बुटवलबाट यहाँ आउँदा २४ घन्टामा आइपुगेका छौं, बाटोको अवस्था यस्तो छ । महङ्गीको अवस्था १२ सय/१५ सय घटी आइँदैन । यो खालको अवस्थामा हामीले

कसरी नियन्त्रण गर्न सक्छौं? हाम्रो जनताले खाने उपभोग र हामीले, जनताले सेवा लिने क्षेत्रलाई हामीले सहज कसरी बनाउन सक्छौं? यो कुरामा चैं सरकारको विशेष ध्यान जानुपर्ने छ, जरुरी छ भन्ने मलाई लाग्छ ।

स्थानीय तहको कुरा गरिरहँदा स्थानीय तहको मुख्य आम्दानीको स्रोत भनेको कि त्यहाँ भएका कुहिएका काठहरू, ढले बढेको रुखहरू, कि त्यहाँ भएका नदी नालाका गिट्टी बालुवाहरू हुन् । र गिट्टी बालुवाको सन्दर्भमा पनि २०७८ वैशाख २३ गतेदेखि सर्वोच्चले गिट्टी बालुवा निकासी रोकेको छ । स्थानीय सरकारको आम्दानी पनि ठप्प भएको छ, हाम्रा गौरवका विकास योजनामा लगानी गर्ने त्यहाँका स्थानीय गिट्टी बालुवाहरू पनि पाउन सकेका छैनन्, विकास निर्माण पनि ठप्प भएको छ । यसले गर्दा एउटा त यो स्थानीय सरकारको आम्दानी घट्दो, अर्को विकास निर्माण गर्नको निम्ति पनि त्यहाँको स्थानीय सामाग्रीको अभाव, यसो भएछि हाम्रो विकास कसरी हुन सक्छ? यो कुरामा हामीले ध्यान दिनुपर्ने स्थिति आएको छ ।

र अर्को कुरा म के राख्न चाहन्छु भने बाँकिको कुरा, बाँकिमा आज धर्मको नाममा ढुङ्गा हानेको देख्दा हामीलाई अचम्म लाग्छ । म त विभिन्न जाति, विभिन्न भाषाहरू बसेको ठाउँमा जन्मिएको, हुर्किएको मान्छे, तपाईंहरूले सोध्नुपर्ने म एउटा ब्राह्मणको बच्चा भए पनि मगर भाषा मैले भाषण पनि गर्न सक्छु । मलाई त्यति, सबै खालको जाति, भाषालाई हामीले सम्मान गर्ने, उत्तिकै माया गर्ने, हामी उत्तिकै खेलेर हुर्किएका मान्छे । आज जातीय नाममा, धर्मको नाममा यो ढुङ्गा हानाहान किन भइरहेको छ? सरकारलाई कमजोर गराउनको निम्ति, यो देशमा अस्थिरता मचाउनको निम्ति, झोलामा पैसा बोकेर मान्छेहरूले घुसपिठ पठाएका छन् । हामी त्यसरी मिलेर बसेका समुदाय एकआपसमा वल्लो घर, पल्लो घर ढुङ्गा हान्न सक्दैनौं । यो बाहिरी .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछि माननीय हरि राम चौधरी ।

**(१३:३८ बजे) माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, गृहमन्त्रीज्यूले मलाई योभन्दा अगाडि अलि मिठो स्वरमा बोल्नुस् न, साह्रै रिसाएर बोल्नुभयो तपाईं भन्नुभा' थियो, आज अलि मिठो स्वरमा बोल्नुपर्‍यो भनेको उहाँलाई देखिनँ । अरू मन्त्रीज्यूहरू हुनुहुँदो रहेछ, मेरो मिठो भनाइ उहाँलाई पुर्‍याइदिनुहोला ।

२०७२ सालमा चेतन मानन्धर भन्ने एक जना व्यक्तिको हत्या हुन्छ, दिनदहाडै, खुँडा प्रहार गरेर, ती व्यक्तिको हत्या हुन्छ । साढे २ वर्षको बच्चा छ, श्रीमती छन्, आमाबुवा हुनुहुन्छ । उहाँहरू सबैको अगाडि ती व्यक्तिको हत्या हुन्छ । परिवार न्याय खोज्दै प्रहरीको मा पुग्छ, प्रहरीले बडो मेहनत गरेर त्यो टोलीलाई पकड्छ, हत्याको टोलीलाई पकड्छ, हत्याको नाइकेलाई पनि पकड्छ र जेलमा हाल्छ । २० वर्षको कैद सजाय हुन्छ, तीनटै अदालतबाट । तीनटै तहको अदालतबाट २० वर्षको कैद सजाय पनि हुन्छ । परिवारले आफ्नो प्यारो सदस्य त गुमायो, त्यसको पीडा छ । तर पनि कम्तीमा न्याय पाइयो भनेर केही सन्तोषको सास लिन्छ । अनि २० वर्षको कैद सजाय ८ वर्ष नपुगिकन, संविधान दिवसको दिन पारेर हत्यारालाई नेपाल सरकारले माफी दिन्छ, आममाफी दिन्छ । त्यो पनि वयोवृद्ध, मृदुभाषी, असाध्यै सम्मानित नेता राष्ट्रपतिज्यूको करकमलले त्यसमा signature हुन्छ । के भन्ने? कसरी मिठो बोलौं? कसरी राम्रो बोलौं? यो मेरो प्रश्न छ । सम्माननीय अध्यक्षज्यूमार्फत गृहमन्त्रीलाई मेरा केही प्रश्नहरू छन् । पहिलो प्रश्नः नियन्त्रणमा लिएर हत्या गर्नु जघन्य अपराध हो । यो कुरा हामी सबैलाई थाहा छ । यस्तो अपराध गर्ने हत्याको नाइकेलाई गृहमन्त्री र मन्त्रिरपरिषद्ले कुन आधारमा, कुनै चैं criteria मा, कुन चैं foundation मा बसेर सिफारिस गर्नुभो', आममाफीको? आममाफीको criteria के हो? के के भयो भने आममाफी दिन पाइन्छ? केमा आममाफी दिन पाइँदैन? यो निर्णय कसको आधारमा, कसको दबाबमा, के तरिकाले गरिएको हो? त्यसको जवाफ यहाँ उभिएर दिन पर्छ, गृहमन्त्रीले यहाँ उभिएर त्यसको जवाफ दिनुपर्छ । यो कुरा मैले माग गरिराखेको छु । हत्यारा छुट्नको लागि कुनै दलको नेता हुनुपर्छ? कि गृहमन्त्रीको आफन्त हुनुपर्छ? कि राष्ट्रपतिको ज्वाइँचेला हुनुपर्छ? के आधारमा छुटे, ती हत्यारा? त्यसको जवाफ हामीलाई यहाँ चाहिन्छ ।

दोस्रो प्रश्नः आममाफी दिने निर्णय गर्दा पीडितहरूसँग consultation हुन्छ कि हुँदैन? पीडितको चित्त बुझाउनुपर्छ कि पर्दैन? पीडितलाई नसोधिकन, consultation नगरिकन, पीडितको अनुमतिबेगर दिनदहाडै हत्या गरेको मान्छेलाई, हत्या गर्ने हत्यारालाई छोड्न मिल्छ? यदि मिल्छ अहिलेको कानुनले भनेदेखि त्यो कानुन यहाँ लिएर आउनुस्, हामी सच्याउँछौं । यदि कानुनले criteria तोकेको छैन, यदि कानुनले पीडितसँग consultation गर्नुपर्छ भन्दैन भनेदेखि त्यो कानुन यहाँ लेराउनुस्, हामी संशोधन गर्छौं, त्यो कानुनलाई । तर कानुनलाई, संविधानलाई टेकेर जे पायो त्यही गर्नको लागि यो छुट न गृहमन्त्रीलाई छ, न प्रधानमन्त्रीलाई छ । मलाई दुःखको साथ भन्न पर्छ प्रधानमन्त्री र गृहमन्त्री दुई जना त यो हत्या हिंसाकै background बाट, सशस्त्र द्वन्द्वबाट आउनुभा'को हो । त्यो भएर हत्या हुन्छ, मारिन्छन्, मर्छन्, मिलाउन सक्नुहुन्छ

होला । राष्ट्रपतिले कसरी सक्नुभो'? यस्तो जघन्य अपराध गरेको मान्छेलाई आममाफी दिने कुरामा signature गर्दा राष्ट्रपतिज्यूको हात काँप्यो कि काँपेन? यो मेरो प्रश्न सम्माननीय अध्यक्षज्यूमार्फत राष्ट्रपतिलाई । उहाँको हात काँप्यो कि काँपेन? राष्ट्रपति संविधानको संरक्षक हो, मन्त्रिपरिषद्को औँठाछाप होइन । यदि मन्त्रिपरिषद्को औँठाछाप मात्रै हामीले राष्ट्रपतिलाई भन्छौं भने त्यो संस्था हामीलाई किन चाहियो? यो नागरिकको तर्फबाट मेरो प्रश्न । यदि मन्त्रिपरिषद्ले जे निर्णय गर्छ, जस्तो निर्णय गर्छ, म त्यसमा केही गर्न सक्दिनँ, जस्तो छ त्यस्तै मैले signature गर्नुपर्छ भन्ने राष्ट्रपतिको, राष्ट्रपति कार्यालयको version हो भनेदेखि हामीले प्रधानमन्त्री कार्यालय छुट्टै, राष्ट्रपति कार्यालय छुट्टै राख्ने किन? हामीले चाहेको त राष्ट्रपति संविधानको संरक्षक हो । दलका नेताहरूले, मन्त्रीले, प्रधानमन्त्रीले कहिलेकाहीं दलगत स्वार्थलाई हेरेर निर्णय गर्छन् । त्यो निर्णय हुन नदिनको लागि रोक्ने check and balance होइन राष्ट्रपति? फेरि किन यस्तो निर्णय भयो? अनि अहिले त्यो परिवार (मलाई १ मिनेट दिनुहोला, अध्यक्षज्यू ।) अहिले पीडितको परिवार न्याय खोज्दै छ । न्याय खोज्नको लागि फेरि अदालत पुगेको छ । न्याय उहाँले पाउनुहुन्छ कि पाउनुहुन्न, थाहा छैन । तर त्यो परिवारको सुरक्षा भने प्रश्नमा छ । किनभने हत्याराले हत्याबाट आममाफी पाएर बाहिर निस्केकै दिन के भनेको छ, म बाहिर आइसकिसकें, अब चिन्ता नगर्नुस्, तपाईंहरू सबै जना चिन्ता नगर्नुस् भनेर आफ्नो साथीहरूलाई भनेको छ । हिजो जेल हालिस् मलाई भनेर ती मृतकको श्रीमतीलाई, जो अहिले न्याय खोज्दै काठमाडौं आउनुभा'को छ, उहाँमाथि आक्रमण भयो भने त्यसको जिम्मा कसले लिने? गृहमन्त्रीले? प्रधानमन्त्रीले? कि राष्ट्रपति कार्यालयले? कसले लिन्छ जिम्मा? यी मेरा प्रश्नहरू हुन् । यो प्रश्नहरू मैले जनताको तर्फबाट यहाँ उठाएको छु । र सम्माननीय अध्यक्षज्यू, गृहमन्त्रीज्यूबाट, प्रधानमन्त्रीज्यूबाट मैले यसको जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय हरि राम चौधरी । समय ५ मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

(१३:४५ बजे) **माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले भर्खरै मात्र सुदूरपश्चिममा यही ६ महिना १६ गतेका दिन जुन भूकम्प आएको छ, त्यो भूकम्पबाट सुदूरपश्चिमको बझाङलगायत वरिपरिको जिल्लाहरूमा थुप्रै क्षति पुऱ्याएको छ । जसबाट ३ जना serious घाइते छन् भने १६ जना जति अन्य घाइतेहरू, सामान्य घाइतेहरू छन्, १ जनाको मृत्यु हुन पुगेको छ । ७५

पर्सेन्टभन्दा बढी घरहरूमा क्षति पुगेको छ । जसमध्ये सबभन्दा बढी सरकारी निकायका विभिन्न त्यहाँ सरकारी भवनहरूमा क्षति पुगेको छ । सरकारको तर्फबाट छिटोभन्दा छिटो त्यहाँ चैं उपयुक्त त्यहाँ घरविहीन भएका त्यहाँका मानिसहरूलाई कसरी व्यवस्था गर्न सकिन्छ र विभिन्न प्रकारका खाद्यान्नका पनि अभावहरू त्यहाँ देखिन्छन् । सामान्य उपचारका कुराहरू पनि त्यहाँ समस्या देखिन्छ । यसलाई छिटोभन्दा छिटो सरकारको ध्यान आकृष्ट होस् भनेर म भन्न चाहन्छु ।

त्यसै गरी सुदूरपश्चिममा भर्खरै मात्र हाम्रो प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासनले चैं केही, सरकारी आश्वासनअन्तर्गतका केही अनुगमनहरू गर्ने क्रममा महाकाली सिँचाइ परियोजना र हुलाकी सडकको सामान्य अनुगमनको क्रममा हुलाकी सडकअन्तर्गतको ३८ नम्बर पिल्लर आजभन्दा ४ वर्षअगाडि अनुगमन गर्दाखेरि पनि त्यहाँ भारतीय पक्षबाट हस्तक्षेपका कारणले गर्दाखेरि उक्त ठाउँमा पक्की सडक निर्माणमा हुलाकी सडकलाई चैं अवरोध रहेको, त्यतिखेर पनि सूचना रहेको थियो । र अहिले पनि अनुगमन गर्दाखेरि त्यही नै रहेको छ । यसमा सम्बन्धित सरकारले समयमा ध्यान दिएर यो समस्यालाई समाधान गर्नुपर्छ । यो दुई देशको मामला भएको कारणले गर्दाखेरि यहाँनेर यसो हामीले हेर्दै जाँदाखेरि अन्य ठाउँमा त्योभन्दा नजिक रहेको पिल्लरको छेउमा पनि बाटो बनेको देखिन्छ । तर त्यो निकै टाढा हुँदाखेरि पनि त्यो बाटो बन्न नदिनुको मुख्य कारण के हो? म यो सरकारलाई प्रश्न गर्न चाहन्छु ।

त्यसै गरी अहिले देशमा सबभन्दा बढी crisis को कुराहरू अहिले व्यापक रूपमा आइरहेका छन् । दिन प्रतिदिन मान्छेहरू चैं आत्महत्या अथवा suicide गरेर अगाडि बढेको देखिन्छ । अहिलेको मोटामोटी सरकारी बैङ्कहरूको तथ्याङ्क र उद्योग वाणिज्य महासङ्घहरूको तथ्याङ्कलाई हेर्ने हो भने अहिले १८ हजारभन्दा बढी व्यवसायहरू अहिले कालो सूचीमा अहिलेसम्म देखिन्छ । र अब आउने पुस मसान्तसम्म २४ हजारभन्दा बढी व्यवसायहरू कालो सूचीमा देखिन्छ । यो तथ्याङ्कलाई हेर्ने हो भने देशको अर्थतन्त्र एकदम crash, अथवा ठुलो अर्थतन्त्रलाई एउटा crash भएर जाने अवस्था देखिन्छ । अब आउने असार मसान्तसम्म चैं ६० देखि ७० हजार व्यवसायहरू चैं कालो सूचीमा अगाडि बढेर गएको तथ्याङ्कहरूले देखाइरहेको छ । सरकारले यो समस्यालाई कसरी समाधान गर्न खोजिरहेको छ? यो प्रश्न । किनकि यो एकदम जटिल तरिकाले आइरहेको छ । यसलाई हेर्ने हो भने अहिले गाउँ ठाउँमा हामी हेर्दै जाँदाखेरि गाउँमा कुनै, त्यहाँ छोरा मान्छेहरू चैं अहिले जवान मान्छेहरू चैं देशमा, गाउँघरमा नरहेको अवस्था छ । कि भारत पलायन, कि Arabian country हरू पलायन, युरोपतिर, यतातिर

चैं व्यापक रूपमा पलायन भएर गइरहेको छ । र यस प्रकारको जो देशको अर्थतन्त्र जुन धराशायी भएर अगाडि बढ्दै छ, यसले समग्रमा देश एउटा ठुलो बर्बादीतिर अगाडि बढेको देखिन्छ । यही क्रममा यसो हेर्दै जाने हो भने यो प्रकारको प्रकृति देखिन्छ । यसलाई समयमै सरकारले यो अर्थतन्त्रलाई control गर्ने कुन विधिद्वारा हल गर्न खोजिरहेको छ? यो देश र जनता र समग्र व्यवसायीदेखि लिएर ३ करोड नेपालीहरूलाई राज्यले जानकारी गर्न जरुरी छ । र यसको बारेमा हामी यसरी अगाडि बढ्दै छौं भनेर सरकारले यो भन्न जरुरी छ जस्तो मलाई लाग्छ ।

त्यसै गरी अहिले हामीले भ्रष्टाचारका कुराहरू अहिले विशेषतः अहिलेको सरकार सुशासनलाई विशेष मध्यनजर गरेर अगाडि बढेको हामीले देखिरहेका छौं । सुशासनलाई अगाडि बढेर, अगाडि बढ्दै जाँदाखेरि अहिले अहिलेको भ्रष्टाचारका कुराहरूलाई हेर्ने हो भने विशेष गरेर संस्थागत कानुन बनाएर, निर्देशिका जारी गरेर सबभन्दा बढी भ्रष्टाचार भएको देखिन्छ । किनकि कुनै सचिव समातिन्छ, कुनै मन्त्री समातिन्छ भने त्यो नीतिगत भ्रष्टाचारको कुरा हुन्छ । कानुनलाई टेकेर चैं भ्रष्टाचार गरेको देखिन्छ । त्यसकारणले गर्दाखेरि भ्रष्टाचारको लडाइँलाई फरक विधिद्वारा अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ । मैले यो मेरो आफ्नो ठाउँबाट एउटा जिज्ञासा देखिन्छ । र भर्खरै मात्र सञ्चार मन्त्रालयमा आएको अहिलेको भ्रष्टाचारको जो छ, भ्रष्टाचारको कुरा जो आइरहेको छ, यो असाध्यै अहिले सुशासनको काम भइरहेकै बेलामा तपाईंको यो कल रेकर्डिङको जुन सामानहरूको जो आएको छ, यसलाई समयमा यसको, यो आएको यो सुशासनको लडाइँकै बेलामा जुन अहिले सञ्चार मन्त्रालयमा जुन देखिएको छापामा आएका news हरू छन्, यसलाई समयमा सम्बन्धित मन्त्रालयले चैं सदनलाई जानकारी गर्नुपर्छ भन्ने कुरा राख्दै म बिदा हुन्छु । हवस् त, नमस्ते, अभिवादन ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय तुलसा कुमारी दाहाल ।

**(१३:५१ बजे)** <u>**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, आज धेरै समयपछि रोस्टममा उभिँदाखेरि कता कता नौलो नौलो जस्तो लागेको छ । झन्डै महिनै पुग्यो कि जस्तो लाग्यो । यो नजिकिँदै गरेको हाम्रो चाडपर्व देशमा बढेको महङ्गी, त्यो महङ्गी मात्रै नभइकन आज मान्छेको जनसमुदायको

जिउज्यानको पनि सुरक्षा नभएको अवस्था छ । देशमा हत्याहिंसा दिन प्रतिदिन बढिराखेको छ । श्रीमान्ले श्रीमती काटेको छ, श्रीमतीले श्रीमान् काटेको छ । बाउले छोराछोरी काटेको छ, छोराले बाउआमा काटेको छ, भने यस्तो एकदम निकृष्ट रूपको समाज हामीले चाहेका थिएनौं । अहिले यो समाज कतातिर जाँदैछ भन्ने कुरा एउटा चिन्ताको विषय हो । यसले अब कसरी यो राज्य सम्हाल्ने, जिम्मा लिने निकायले यस्तो स्थितिमा कसरी शान्ति सुरक्षा दिने, यो विषय असाध्यै गम्भीर विषय बनेको छ । जनताले जिउ ज्यानको सुरक्षा पाएको छैन । अब महङ्गी चरम सीमामा बढेको छ । यसैको चाप पनि होला, दिन दहाडै जनताको घर चोरी भएको छ । ताल्चा फुटाइएको छ, अनि घरघरका चोरी मात्रै नभएर चोरी शिकारी पनि बढेका छन् । यस्तो स्थितिमा हाम्रो सरकारको यो, यसलाई नियन्त्रण गर्नको लागि के योजना बनेको छ? कसरी हामीले यसलाई नियन्त्रण गर्दैछौं? भन्ने कुरा मलाई अत्यन्तै, मलाई मात्र नभएर सबैलाई यो बारेमा खुल्दुली छ र अध्यक्षज्यूमार्फत यो कुरा सरकारसम्म यो ध्यान आकर्षण गर्न चाहन्छु ।

महङ्गी चरम सीमामा बढेको छ । महङ्गी कहिले अब यातायातको साधनले ओसार्ने दाल, चामल सबै चिजहरू ढुवानी खर्च, तेल बढिसकेपछि, पेट्रोलियम पदार्थ बढिसकेपछि ती सबै कुरामा बढ्छ । अनि बढाउनै नपर्ने कुरा जो यहीं हाम्रै घर आगनमा उत्पादन भा'को चिज पनि अब महङ्गी बढेको छ भनेर हामीले अत्यन्तै महङ्गीमा महङ्गीको चपेटामा परेको छ । यो एउटा सामान्य तिउन तरकारी पनि किनेर खान नसक्ने अवस्था छ । यो न कृषकले उत्पादन गरेको चिज न कृषकले त्यसलाई पाउँछ, न हामी उपभोक्ताले पाउछौं । बिचका विचौलियाहरूले त्यसलाई ड्वाम्म उनीहरूले मोटो रकम कमाएका छन् । र अहिले हामी बिहान, बेलुका तिउन तरकारी गुन्द्रुकसम्म पनि नपाउने, गुन्द्रुकमा पानी हालेर खान नसक्ने स्थितिमा आइपुगेका छौं । यो महङ्गीलाई कसरी नियन्त्रण गर्ने? यो सरकारको के योजना छ? यसलाई पनि जान्न चाहन्छु । महङ्गी बढेको छ । र दशैं तिहार घर नजिक आएको छ । महङ्गी बढ्नको कारण त्यो पनि हो कि, हामीसँग सडकहरू एकदम राम्रा छैनन् । एउटा त तेल बाहिरबाट आउने चिज भयो । अर्को हाम्रो देशमै सडकहरू एकदम चुस्तदुरूस्तसँग हिड्न पाउने स्थिति छैन । दिन दिनै अब गाडीहरू दुर्घटना भा'को छन् । बाढी, पहिरो आ'को छ । त्यसलाई नियन्त्रण गर्ने कसरी भन्ने कुराहरू पनि यहाँ खास योजना बने जस्तो लाग्दैन? जस्तै मुग्लिनको बाटो कति वर्ष भो' घाम लाग्दा सुख्खा पहिरो झर्छ, पानी आउँदा हिलो पहिरो झर्छ । अनि पूर्वपश्चिमदेखि त्यहाँ राजधानी भित्रिने नाका नै त्यही हो । अब त्यहाँबाट बन्द हुँदाखेरि हामीले झन् महङ्गीको चपेटामा पर्ने यो अवस्था हामीले देखेका छौं ।

त्यस्तै अर्को हेटौंडा भएर आउने कि साना गाडीहरू आउने पाँच ओटा बाटा छन् त्यहाँ, पाँचवटै बाटोलाई एकैचोटी खनेर हिलाम्मे र धुलाम्मे बनाइएको छ । कुनै गाडी त्यहाँबाट एउटा बाटोबाट हिँड्न सक्ने अवस्था छैन । यो एउटा बाटो बनाई सकेर अनि अर्को खने हुन्थ्यो नि, अब सबैलाई काम देखाउन पर्ने, अनि पाँच वर्ष भइसक्दा पनि त्यो बाटो पूरा नहुने अनि कस्तो खालको ठेकेदार हो? अनि कस्तो खालको ठेक्का हो? यो जनताले पाउने दुःख हामी सबैले त्यो बाटो हिड्दा देखेका पनि छौं । नेताज्यूहरू पनि त्यो बाटो हिँड्नुभा'को छ । मन्त्रीज्यूहरू पनि त्यो बाटो हिँड्नुभा'को छ । यसलाई छिटोभन्दा छिटो यो यातायातको साधनलाई सुचारू रूपले चलाउनको लागि र जनताको जिउ ज्यानको सुरक्षा, महङ्गीको चपेटा अनि गाडी दुर्घटना हुने, त्यहाँ समस्या, अनि हत्याहिंसा सधैं यो बढेको छ । यसलाई नियन्त्रण गर्नको लागि सरकारको छिटोभन्दा छिटो योजना बनोस् भन्ने म चाहन्छु ।

र अहिले भर्खरै बझाङमा गएको भूकम्पबाट पीडित हुनुभएका सबै जनालाई जिउ ज्यान गुमाउनुभो', उहाँहरूको परिवारलाई उचित क्षतिपूर्ति र जो आज खुल्ला आकाशमा बस्न बाध्य हुनुहुन्छ, उहाँहरूको बारेमा पनि राज्यले छिटो ध्यान दिओस् भन्ने कुराहरू राख्दै म विदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल । समय ८ मिनेट । त्यसपछि माननीय गोपाल भट्टराई ।

**(१३:५८ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सरकारले संविधान दिवसको दिन ऐतिहासिक काम गर्‍यो भन्ने लागेको होला । फौजदारी अपराधमा संलग्न व्यक्तिहरूलाई, एसिड आक्रमण गर्ने व्यक्तिहरूलाई, दिनदहाडै खुकुरी प्रहार गर्ने व्यक्तिहरूलाई, अपराधीहरूलाई कैद मिनाहा र आममाफी दिने काम गरेको छ । संविधान र कानुनको बर्खिलाप गरेको छ । अब संविधान र कानुनको केही औचित्य रहेन । एसिड आक्रमणमा परी घाइते हुनुभएको मुस्कान खातुनको घाउ निको भएको छैन तर अपराधी छुटिसकेको छ । यसले समाजमा नकारात्मक प्रभाव परेको छ । सामाजिक न्यायको सिद्धान्त विपरित सरकार हिँडिरहेको छ । पीडित झन् पीडित भइरहेका छन् । के यो गठबन्धन यसैको लागि हो?

यही असोज १६ गते पश्चिम नेपालमा भूकम्पको कारण धेरै जनधनको क्षति भएको छ । सम्बन्धित सरोकार पक्षवालाहरूलाई म ध्यानकर्षण गराउन चाहन्छु । सत्य तथ्य बुझी राहत, औषधी उपचार, क्षतिपूर्ति र उद्धारको लागि आग्रह पनि गर्न चाहन्छु । यति बेला जनता अत्यधिक महङ्गीको मारमा छन् । चर्को मूल्यवृद्धि थपिरहेका छन्, जनजीवन अस्तव्यस्त छ । जनताको चुलो बल्न नसक्ने स्थिति सृजना भइसकेको छ । सदन चल्न सकेन, किन चल्न सकेन? के कारणले स्थगित गरियो? हिजो भन्दै थियो सरकार प्रतिपक्षको कारणले अवरोध भयो । यो बिचमा के गरी अवरोध भयो? प्रश्न सोध्न चाहन्छु ।

देशका विभिन्न ठाउँमा धार्मिक तथा जातीय सद्भाव खलबलिएको छ । द्वन्द्वको अवस्था सृजना भइरहेको छ । सामाजिक एकता, धार्मिक सद्भाव बिग्रिँदै र बिग्रँदै गइरहेको छ । बेलैमा पहिचान गर्नुपर्छ । समाधानको बाटो खोज्न पर्छ । सरकारले द्वन्द्व चर्काउने होइन, भड्काउने होइन, जनताको मनमा मलमपट्टी लगाउने र सामाजिक सद्भाव कायम गर्नको निम्ति पहल गर्नुपर्छ । म सरकारलाई आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, म महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित केही विषयहरूको चर्चा गर्न चाहन्छु । यो मन्त्रालयको कार्यक्षेत्र फराकिलो छ । झन्डै ८० प्रतिशत जनताको प्रतिनिधित्व गर्दछ । महिलाको हकहित एवम् सशक्तीकरणसम्बन्धी नीति, तर्जुमा कार्यान्वयन, महिला हिंसा नियन्त्रण कार्यान्वयन, ज्येष्ठ नागरिकहरूको संरक्षण, पुस्ता हस्तान्तरण, बालबालिका तथा अपाङ्ग भएका व्यक्तिहरूको जीवन सरह जीवन चाहिँ सहज बनाउने, सहज बनाउने जस्ता महत्त्वपूर्ण जिम्मेवारी यो मन्त्रालयको रहेको देखिन्छ । मन्त्रालयले महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्ग भएका व्यक्तिहरूको उद्धार, संरक्षण, पुनर्स्थापनासहित वृद्धाश्रमको संरचना नीति, गैरसरकारी संस्थासम्बन्धी नीति निर्माण, अनुगमन गर्नुको साथै राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू सम्पर्क समन्वय जस्ता कार्यक्षेत्रहरू पनि रहेका छन् महिला मन्त्रालयको । झन्डै ८० प्रतिशत जनताको प्रतिनिधित्व गर्ने यो मन्त्रालयले आफ्नो कामहरूप्रति गम्भीर भएको देखिँदैन । सैद्धान्तिक र नीतिगत रूपमा स्पष्टता भएता पनि व्यावहारिक रूपमा कार्यान्वयन भएको देखिएको छैन । यसका गतिविधिहरू, क्रियाकलाप हेर्दा काम चलाउ र NGO मुखी हो कि भन्ने आरोप लागेको छ । यस मन्त्रालयले थालनी गरेका तीनओटा कामहरू महत्वपूर्ण, अर्थपूर्ण रहेका छन् । एउटा मङ्गला साहाना पुनर्स्थापना केन्द्रको निर्माण गर्ने विषय, हिंसा पीडित किशोरीहरूको व्यवस्थापन गर्ने उद्देश्यसहित भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका वडा नम्बर ७ मा ८ रोपनी १० आना जग्गामा ०७८ साल कार्तिक ९ गते स्वामित्त्व ल्याई, लिई तारजाली गरिसकेको छ ।

हरेक वर्ष बजेट विनियोजन भएको देखिन्छ । यो योजना ०७२/०७३ सालदेखिकै देखिन्छ तर सरकारले यो आश्वासन पूरा गर्न सकिरहेको छैन । मेरो प्रश्न के हो भने यो कति वर्षे योजना हो? र कहिले पूरा हुने हो सरकार? म यो सोध्न चाहन्छु । यस्तै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अर्को महत्वपूर्ण काम भनेको ज्येष्ठ नागरिक आवास तथा ज्येष्ठ नागरिक अस्पतालको निर्माण गर्नु हो । यो काठमाडौंको गोठाटारमा निर्माण गर्ने भनिएको छ । पशुपति वृद्धाश्रममा रहनुभएका ज्येष्ठ नागरिकहरूको दीर्घकालीन समस्याको समाधान गर्नका लागि सरकारले लिएको पहलकदमी राम्रो छ । पशुपति विकास कोषले ५३४ रोपनी जग्गामध्ये ज्येष्ठ नागरिक भवन र अस्पतालका लागि भनी १० रोपनी जग्गा कोष सञ्चालक परिषद्ले गोठाटारको ३ (क) कित्ता नम्बर ८४ बाट स्वामित्त्व पशुपति विकास कोषमा रहने गरी भोगाधिकार वृद्धाश्रमलाई हुने गरी प्रदान गरिसकेको भनिएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्ले ०७३ साल असार ३१ गते भवन निर्माणका लागि भनी निर्णय गरिसकेको पनि सुनिन्छ । सरकार हरेक वर्ष आश्वासन दिन्छ, काम चाहिँ केही पनि गरेको देखिँदैन । अहिले उक्त जग्गाका चार किल्ला पनि भएका छैनन् । समन्वय गरेको छु, पत्राचार गरेको छु भनेर महिला मन्त्रालय चित्त बुझाइरहेको छ । समन्यव र सहकार्यले मात्रै यो भवन बन्न सक्ला? मेरो प्रश्न के हो भने, ज्येष्ठ नागरिक आवास गृह अस्पताल बनाउने तर्फ ध्यान दिएकै छैन भन्ने लागेको छ । कहिले यो योजना पूरा हुने? कति वर्षमा पूरा हुन्छ? फेरि कति क्षमताको बनाउने भन्ने कुरा पनि वर्षै पिच्छे फरक फरक अलग धारणा देखिन्छ । कहिले ५ सय क्षमताको बनाउने भनेको छ, कहिले १६५ जनाको क्षमताको बनाउने भनेको छ । वास्तवमा सरकारको यो कति जना राख्ने योजना हो र? कति वर्षमा पूरा गर्न सक्छ? यस्तै अस्पताल र वेडको कुरा पनि छ । यो सदनमा म माननीय मन्त्रीज्यूलाई कुनै बेला आएर प्रष्ट पार्नको निम्ति म अनुरोध गर्दछु । आफ्नो जिम्मेवारी पूरा गर्नु पर्छ कि पर्दैन?

यस्तै महत्त्वपूर्ण काम भनेको बालसुधार गृहको हो । बालबालिकासम्बन्धी ऐन, २०७५, नियमावली, २०७८ को नियम १७ देखि ३९ सम्म बालसुधार गृहको स्थापना सञ्चालन व्यवस्थापनसम्बन्धी विषयमा कानुनी व्यवस्था गरेको छ । नेपाल सरकारले युनिसेफको सहयोगमा व्यवस्थापनमा भक्तपुर, मोरङ, कास्की, बाकैंमा बालसुधार गृहको स्थापना गरेको देखिन्छ । नेपाल सरकारको आफ्नै पहलमा मकवानपुर, पर्सा, रुपन्देही, डोटीमा बालसुधार गृहको व्यवस्थापन सञ्चालन गर्दै आएको छ । बालसुधार १८ वर्षमुनिका बालबालिकाहरू जसले कानुनी अपराध गरेका छन् अथवा अपराधमा संलग्न छन् । तिनीहरूलाई तोकेको निश्चित समयमा बालसुधार गृहमा राख्ने गरिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ मा

मुद्दा दर्ता भएको मितिले १ सय २० दिनभित्र मुद्दाको किनारा लगाउनुपर्ने कानुनी व्यवस्था छ । तर मुद्दाको किनारा नलाग्दा, ढिलो हुँदा बालबालिकाहरू लामो समयसम्म बालसुधार गृहमा बस्न बाध्य छन् । जसले गर्दा बालबालिका सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका राखेको देखिन्छ । बालसुधार गृहलाई क्षमताभन्दा बढी बालबालिका राख्दाखेरि व्यवस्थापनमा, सुरक्षामा चाहिँ समस्या आइरहेको देखिएको छ । सुधार गृहमा १८ वर्ष मुनिका मात्र बालबालिका छैनन् । १८ वर्षभन्दा माथिका वयस्क युवाहरू पनि देखिन्छन् । बालबालिका गृहमा सुरक्षाको चुनौती देखिएको छ । पानीको समस्या, बाल गृहमा ठुलाले सानालाई हिंसा गर्ने, सामान्य बाल अधिकारको कार्यान्वयनसमेत भएको देखिँदैन । यही बिचमा भक्तपुरको बालगृहमा घटेको घटना जसले जीवन गुमाउनुपर्यो । त्यसै गरी बाँकेको नेपालगञ्जमा घटेको घटना आखाँसामु छर्लङ्ग छन् । तनहु जिल्लाको आबुखैरेनीमा, आबुखैरेनीको ढकालटारमा सरकारले पाँच सय क्षमताको बालसुधार गृह बनाउने भनेको छ । यो योजना राम्रो छ तर कहिले हुने भन्ने निश्चित छैन । १८ वर्षमाथिका बालबालिकाहरूलाई शिक्षा र सीपको लागि त्यहाँ राख्ने भन्ने कुरो गरिएको छ तर कहिले पूरा हुन्छ थाहा छैन । (सम्माननीयज्यू, एक मिनेट थप्दिनुहोला ।)

विद्युत् प्राधिकरणको २७ रोपनी जग्गा उपलब्ध गराएको भन्ने छ । भौतिक संरचना बन्दै पनि छन् । बालसुधार गृहको लागत ४१ करोड लाग्ने, २ वर्षमा पूरा हुने, बहुवर्षीय खरिद प्रक्रियामा गइसकेको भन्ने पनि कुरा सुनिन्छ । टेन्डर प्रक्रियामा लान लागेको भन्ने सुनिन्छ तर स्थानीय पालिकासँग समन्वय छैन । जनताले सानो एउटा घर बनाउँदा, तीन कोठे घर बनाउँदा पनि मापदण्डको पालना गर्नुपर्छ । त्यसैले सरकारले अहिले पनि संघीयताको मर्मअनुसार काम गरिरहेको छैन । स्थानीय सरकारसँग समन्वय सहकार्य गरेको देखिँदैन । यो बालसुधार गृहको निर्माण कहिले पूरा हुन्छ? समाजमा बालबालिका अपराध बढेको छ, त्यो अपराधमा संलग्न व्यक्तिहरूलाई बालगृहमा थन्काउने हो कि? उनीहरूलाई मनोसामाजिक विमर्श तालिम दिएर चाहिँ उनीहरूलाई सुधार्ने हो? यसतर्फ मन्त्रालयको ध्यान गएको देखिँदैन । राज्यले आर्थिकभार हरेक वर्ष बढिरहेको छ । बालबालिका सङ्ख्या बढिरहेको छ । समयमा मुद्दाको किनारा लाग्दैन, अपराध घट्नुको बदला झन् बढ्दै गएको छ । कतिपय बालसुधार गृहमा मनोसामाजिक विमर्शकर्ता नै छैन ।

अर्कोतर्फ विद्यालय सञ्चालन गरेको पनि देखियो । त्यो विद्यालय गृहमा बालसुधार गृहकै नाममा उनीहरूलाई प्रमाणपत्र दिएको छ । यो उनीहरूको जीवनमा नकारात्मक असर पर्न सक्छ । बालसुधार गृहको नाममा चाहिँ यसरी प्रमाणपत्र दिइनुहुँदैन । मङ्गला साहाना पुनर्स्थापना केन्द्र निर्माण गर्ने कुरा ज्येष्ठ नागरिक आवास र ढकालटारमा बनाउने बालसुधार

गृहको कुरा कति वर्षमा पूरा हुने हो? महिला बालबालिका मन्त्रालयले कति वर्षमा पूरा गर्छ, अहिले पनि अनिश्चित छ । फेरि पनि यो मन्त्रालयको कामकारबाही प्रत्यक्ष रूपमा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय, जनसरकार संवेदनशील क्षेत्रको जिम्मेवारी देखिन्छ । तर पनि कारबाहीको हिसाबले एकदमै धेरै कमजोर देखिएको छ । यस्ता गतिविधि र क्रियाकलापले आश्वासन मात्रै दिइरहने हरेक वर्ष बजेट छुट्याइरहने, काम चाहिँ कहिले नहुने, कति वर्षमा पूरा हुने? म फेरि पनि पुनः प्रश्न गर्न चाहन्छु, यो कति वर्षे ..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय गोपाल भट्टराई । समय ७ मिनेट । त्यसपछि माननीय जगप्रसाद शर्मा ।

**(१४:०६ बजे) <u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, बाढी पहिरो भूकम्पलगायतमा परेर ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र सम्पूर्ण बेपत्ताहरूको खोजी कार्य होस् भन्ने माग गर्न चाहन्छु । र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । अहिले हामी देशमा विभिन्न घटनाहरू घटिरहेका छन् । एकातिर साम्प्रदायिक सद्भाव खलबलिने खालका घटनाहरू भएका छन्, अर्कातिर धार्मिक सद्भाव भड्किने खालका घटनाहरू भइरहेका छन् । पश्चिमी पहाडी जिल्ला जाजरकोटलगायत थुप्रै जिल्लाहरू भूकम्पबाट प्रभावित छन् । यातायात चलेको छैन । ती जिल्लाहरूमा अब यो चाडपर्वहरू आएका छन्, अब काठमाडौंबाट धेरै मानिसहरू जिल्लामा जाँदै छन् । यातायातका साधनहरूको व्यवस्थापन नहुने अवस्था छ । यातायात व्यवसायहरूले हामी टिकट काट्दैनौं भनिरहेका छन् । यी यस्ता धेरै घटनाहरू छन् ।

अहिले संविधान दिवसजस्तो पवित्र दिवसको दिन अपवित्र कामहरू गरिएका छन् । हत्याराहरूलाई, जसलाई अघि माननीयज्यूहरूले पनि भनिसक्नुभा' छ, यो नजोडिकन मनले नमान्ने स्थिति छ । हत्याराहरू छुटेका छन् । जेल सजाय तीनटै अदालतले एउटै निर्णय गरेका छन् । जेल सजाय पाएका छन् तर उनीहरू जेलमुक्त भएका छन् । यसले समाजलाई यो समाजमा कस्तो खालको प्रभाव पर्ला? समाज कति त्रसित होला? त्यो एकातर्फ यस्तो छ ।

अर्कोतर्फ अति नै पीडितहरू, अहिले न्याय नपाएको भनेर आएर आमरण अनशन बस्दा बोहोस् भएर हिजो चैं त्यहाँ हस्पिटलसम्म लाने मान्छे पाइएन । अदालतभित्र उहाँको अरू मान्छे थिएन, एक जना मात्रै कुरुवा थियो । र त्यहाँ सरकारी थुप्रै गाडीहरू थिए, साधन स्रोतहरू

थिए । त्यहाँसम्म पुऱ्याउने काम पुलिसले पनि पहल गरेन, त्यहाँ हल्ला खल्ला भइसकेपछि एक/सवा घण्टापछि मात्रै त्यो पहल भयो भन्ने हामीले सुन्यौं । यस्तो पनि राज्य हुन्छ? यो राज्यको के हो यो? यो चैं भन्न पनि शरम लाग्ने । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा यसको प्रभाव के पर्ला? यसतर्फ हामीले अब अलिकति गम्भीर भएर नजाने हो भने, नसोच्ने हो भने देश कहाँ पुग्ने हो, यो अहिले चैं हामीले भन्न सक्ने अवस्थामा छैनौं ।

अर्कोतर्फ अहिले शृङ्खलाबद्ध रूपमा स्वास्थ्य क्षेत्रमा आक्रमण भइरा' छ । डाक्टरहरूलाई एउटा मान्छे बिरामी लग्यो, बिरामीलाई सन्चो भएन मऱ्यो, मऱ्यो भने चाहिँ डाक्टर पिट्ने । यदि त्यो डाक्टरले कानुनविपरित काम गऱ्या छ, नराम्रो गऱ्या छ, उसले उसको नियतवश त्यस्तो गऱ्या छ भने त्यसलाई कानुनी कारबाही गर्ने हो कि मारपिट गर्ने हो? त्यसको शान्तिसुरक्षाको व्यवस्था गर्ने हो कि होइन, राज्यले? एक ठाउँ/दुई ठाउँ हुने कुरा एउटा कुरा होला । शृङ्खलाबद्ध रूपमा केही महिना पहिले जुम्लामा भएको घटनापछि हेटौंडामा एक जना विशेषज्ञ पिटिएका छन्, लम्जुङमा मेडिकल अधिकृत पिटिएका छन् र पोखरा मणिपाल कलेजको कुरा अस्ति भर्खरको घटना भयो । पुलिससमेतले पूरै गुन्डागर्दीलाई सहयोग गऱ्यो भन्ने र डाक्टरहरूलाई त्यसको प्रतिवाद गर्दा डाक्टरलाई पिट्यो भन्नेसम्मका भनाइहरू आएका छन् । र बझाङमा स्वास्थ्यकर्मीले पिटाइ खाएका छन्, हेटौंडामा त्यस्तै भएको छ । यस्तै मधेस प्रदेशका थुप्रै हस्पिटलहरूमा यी घटनाहरू भएका छन् । अहिले त्यो न्याय माग्नको निम्ति, कम से कम कानुन लागु गर भन्नको निम्ति डाक्टरहरूले आन्दोलन गर्नुपर्ने, यस्तो अवस्था, यस्तो पनि हुन्छ? कम से कम त्यो क्षेत्रमा चासो राखेर ती घटनाहरूलाई चैं न्यूनीकरण गर्नुपर्ने हो कि होइन, राज्यले? आन्दोलनपछि समझदारी भइसकेपछि पनि यो पछिल्लोपटक फेरि त्यहीं KMC मा चाहिँ घटना घटिसक्यो । यस्ता खालका घटनाहरू घटिरहने, सरकार हेरेर बस्ने, यो अवस्था कहिलेसम्म हो? सम्झौता गर्ने, सम्झौता कार्यान्वयन सुरु नगर्ने र घटना चैं फेरि पनि घट्ने । अब के गर्ने? फेरि डाक्टरहरू आन्दोलनमा जानुपर्ने हो? यस्तो खालको अवस्था, यसले गर्दाखेरि विदेश पलायनको खतरा बढेको छ । धेरै विदेश पलायन भइसकेका छन् । मसँग पनि धेरै डाक्टरहरूले के भनेका छन् भने, uncle अब हामी यहाँ बस्न सक्दैनौं । हामी विदेशतिर अब जान्छौं । अब राज्यलाई हामीले चैं केही गर्न सक्दैनौं । हाम्रो सुरक्षाको अवस्था पनि छैन । त्यसो भएको हुनाले हामी बस्दैनौं भनेर मसँग समेत भन्या छन् । त्यसो भएको हुनाले के हो अब राज्यको नीति? राज्यले के गर्ने हो? यस सन्दर्भमा प्रष्ट पार्नुपर्छ, यहाँ रोस्ट्रममा आएर भन्नुपर्छ । कुरा उठाउँछौं हामी । यी कुराहरूको कुनै प्रतिक्रिया आउँदैन, त्यसको जवाफ आउँदैन । यो जवाफको निम्ति आग्रह गर्दै मेरा भनाइहरू यहीं अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जगप्रसाद शर्मा । समय १० मिनेट ।

(१४:१५ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, आजको विशेष समयमा म ४/५ ओटा समसामयिक विषयवस्तुहरूमा यहाँ आफ्ना कुराहरू राख्न गइरहेको छु । समसामयिक विषयहरू भनेका केवल फुत्त अहिले नै जन्मेका हुँदैनन् । त्यसकापछि कारण र आधारहरू निश्चय पनि हुन्छन्, त्यसका केही ऐतिहासिक पृष्ठभूमिहरू पनि हुन्छन् भन्ने म आफूलाई लाग्दछ । यतिखेर नेपालमा एउटा चर्चा परिचर्चा चलिरहेको विषय भनेको नेपालका राजनीतिक दलहरूको सन्दर्भमा निश्चय पनि के question हरू उठिरहेका छन् । दलहरूका सीमा, कमजोरीहरू आफ्ना ठाउँमा होलान् । हामीले ऐतिहासिक रूपमा हेर्दा नेपालको परिवर्तनको प्रक्रियाले लामो course लियो । धेरै लामो course लियो । दलहरूको विकल्प दलहरूनै हो भन्ने धेरै हजारौं तथ्यहरूले पुष्टि गर्दछ । दलहरूको विकल्प कुनै राजा, महाराजा या पञ्चायत, राणाशासन हुँदैन । एउटा दलको विकल्प अर्को दल हुन सक्छ र दलको विकल्प भनेको दलनै हो । उसले आफ्ना सीमा, कमजोरीहरू correction गरेर सच्याएर अगाडि जानुपर्ने आवश्यकता आफ्नो ठाउँमा छ । विगतमा परिवर्तनको नेतृत्व गर्दैगर्दा परिवर्तनका निम्ति हुने आन्दोलनको लागि नेतृत्व गर्दैगर्दा दलहरूका बिचमा सङ्घर्षको, आन्दोलनको मोडालिटीमा, मोडेलमा भिन्नता फरक हुन सक्छ । त्यसले पनि लामो प्रक्रिया लिएको हुनसक्छ, जे होस् लामो समय लगाएर परिवर्तनको एउटा मुख्य, एउटा आधार पूरा भो' र मुख्य कार्यभार दलहरूले पूरा गरेर हामीले ०७२ पछि नयाँ राज्य, नयाँ संविधान, नयाँ एउटा व्यवस्था स्थापना गरेर यता आइसकेका छौं । निश्चय पनि यसलाई ऐतिहासिक रूपले केलाउँदाखेरि कि हामी सशस्त्र सङ्घर्ष अथवा जनयुद्ध भन्छौं हामी, नेकपा माओवादी केन्द्र त्यसलाई जनयुद्ध भन्छ । संविधानले सशस्त्र सङ्घर्ष द्वन्द्व भन्छ ।

(१४:१७ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- त्यो ऐतिहासिक जनआन्दोलन र शान्ति प्रक्रिया यो तीनओटा आधारभूत यस्ता खम्बाहरू हुन्, जसले नेपालको परिवर्तन सम्भव भयो । यतिखेरि एउटा प्रसङ्ग उठ्ने गरेको सुन्ने गरिन्छ, उठिरहेको छ । ती यसबाट परिवर्तन भएर प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र अथवा वर्तमानको व्यवस्था

ठिक छ, विगतका कतिपय आन्दोलनका मोडेलहरू बेठिक छन्, के यसो हुन सक्छ? संघीय लोकतान्त्रिक गणतन्त्र ठिक हुने, जनयुद्ध बेठिक हुने या जनआन्दोलन बेठिक हुने या शान्ति प्रक्रिया बेठिक हुने यस्तो हुन सक्छ? यो हुन सक्दैन, किनकि यो परिवर्तनको उपलब्धि भनेको जनयुद्धबाटै, जनआन्दोलनबाटै र शान्ति प्रक्रियाबाट प्राप्त भएको हो । हामी अर्को प्रश्न पनि सुन्ने गर्छौं यतिखेर, जनआन्दोलन ठिक थियो, सशस्त्र सङ्घर्ष या जनयुद्ध बेठिक थियो के यस्तो हुन सक्छ? यो हुन सक्दैन । जनआन्दोलन भनेको जनयुद्धको जगमै भएको हो । जनआन्दोलन ठिक थियो, शान्तिप्रक्रिया बेठिक थियो, के यस्तो हुन सक्छ? यो पनि हुन सक्दैन । ती तीनटा यस्ता अन्तरसम्बन्धित विषय हुन् । सशस्त्र सङ्घर्ष, जनआन्दोलन र शान्ति प्रक्रिया यस्ता अन्तरसम्बन्धित विषय हुन्, जसले नेपालको परिवर्तन सम्भव भएको हो । त्यसकारण मैले यहाँ प्रष्ट रूपमा राख्न चाहन्छु, कि यो परिवर्तनका उपलब्धि मिठो लाग्ने विगतका आन्दोलनका विभिन्न मोडलहरू नमिठो लाग्ने यस्तो हुन सक्दैन । हुन त, लोकतन्त्रमा कतिपय सार्वभौम सत्यहरूमा केहिबेर, केही क्षणसम्म त्यसमा पनि question उठाउन सकिन्छ तर अन्ततः त्यसलाई सावित गर्न सकिँदैन सार्भभौम सत्य भनेको अन्तत सार्वभौम सत्य नै हो । त्यसकारण जे परिवर्तन नेपालमा भएको छ । त्यसका पछाडिको मुख्य कारण भनेको विगतका आन्दोलनहरूको उपज हो, मैले पहिलो राख्ने कुरो यो हो ।

दोस्रो कुरा, यतिखेर देशमा दुइटा कुरा छन्, हामीले नयाँ संविधान बनायौं । त्यो संविधानलाई कार्यान्वयन गर्नका निम्ति जुन गति जुन अपेक्षा अनुरूप कानुन निर्माण, विधेयक निर्माणको प्रक्रिया अगाडि बढ्नुपर्थ्यो र त्यो कार्यान्वयन हुनुपर्थ्यो । त्यो कहीँ न कहीँ कुनै न कुनै रूपमा गत्यवरोधमा छ ।

अर्को कुरा, नेपाल प्राकृतिक हिसाबले, साधन श्रोतका हिसाबले सम्पन्न हुँदा हुँदै पनि आर्थिक रूपमा समृद्धिको बाटो ठिक ढङ्गले समात्न सकेको छैन । यसमा दलहरूको आफ्ना धारणाहरू अथवा आआफ्ना मतहरू हुन सक्छन् । एउटा आवश्यकता छ, म सम्माननीय अध्यक्षज्यू, यो सम्मानित सदनबाट, हाउसबाट म अनुरोध गर्न चाहन्छु, सम्माननीय अध्यक्षमार्फत के विगतमा धेरै विमति र धेरै असहमति हुँदाहुँदै पनि हामीले बाह्रबुँदे सहमति हुँदै एउटा समझदारीमा पुगेर नेपालको परिवर्तन सम्भव बनाएको यिनै दलहरूले हो । नेपालको आर्थिक क्रान्तिको कुरा, यो संविधानलाई कार्यान्वयन गरेर अगाडि लैजाने कुरामा पनि नेपालका राजनीतिक दलहरू एक ठाउँमा आउने, प्रमुख राजनीतिक दलहरू एक ठाउँमा आउने आवश्यकता छ । हामी फेरि पनि लामो समयदेखि गत्यवरोध जस्तो अवस्थामा रहेका विधेयकहरू निर्माण, कानुनहरू निर्माणको प्रक्रियालाई एउटा समझदारीमा एउटा सहमति कायम

गर्न हामीलाई के ले रोकेको छ? हामी स्वतन्त्र छौं कि छैनौं? हामी स्वतन्त्र ढङ्गले सोच्चौं कि सोच्दैनौं? जुन राजनीतिक दलहरूले लामो इतिहास बोकेका छन् । राष्ट्रियताको निम्ति, भावी पुस्ताको निम्ति र यो संविधानले जोड्न मार्गदर्शन गरेको छ । यसलाई कार्यान्वयन गर्नका निम्ति आवश्यक विधेयकहरू बनाउने कुरा, कानुनहरू निर्माण गर्ने कुरामा दलहरू आपसी सहमति, एउटा समझदारी, त्यसमा एकता र सहमति गर्न हामीलाई के ले रोकिराखेको छ? यो एउटा अहिलेको महत्वपूर्ण प्रश्न हो । म यो उठाउन चाहन्छु ।

र त्यसको साथसाथै नेपालमा आर्थिक विकासका हिसाबले हामीले छलफल गर्नुपर्ने अथवा सहमति गर्नुपर्ने विषय भनेको हामीले नेपालको राजस्व कसरी बनाउन सकिन्छ, नेपालको जुन एउटा साधारण खर्च जो बजेटकै झन्डै ६०/७०/७५ प्रतिशत हिस्सा साधारण खर्चमा छुट्टिने स्थिति जुन छ । यसको न्यूनीकरण गर्ने कुरा अथवा यसलाई कम गर्ने कुरा र नेपालको पुँजीगत खर्चलाई बढाउने कुरामा एउटा सहमति गर्न हामीलाई के ले रोकिराखेको छ? यो कुरा विगत आठ वर्षयता हेर्दा कसैले पीर मान्ने, कसैले दुःख मान्ने यो केही आग्रह, पूर्वाग्रहका रूपमा भन्ने र बुझ्ने कुरा हो भन्ने जस्तो लाग्दैन । यो आठ वर्षको बिचमा समस्याको चुरो कुरा केही हो भने, हामीले निर्वाचित संसदलाई, हाम्रो देशमा निर्वाचित संसद दुई पटक निर्वाचित संसद आयो, ०७४ सालमा एक पटक र ०७९ सालमा एक पटक । ०७४ सालमा एक पटक निर्वाचित भएर आ'को संसद जो ढङ्गले असंवैधानिक ढङ्गले संसद विघटन गरियो। नियत जे सुकै होस् घटनाक्रमले अथवा त्यो आधार घटनाक्रमले पुष्टि गरेको छ । समस्याको एउटा चुरो कुरा यो हो, यसले तमाम अन्य कैयौं समस्याहरू चाहे अहिले अराजकताको समस्या, चाहे भ्रष्टाचारका समस्या चाहे अन्य समस्याहरू यदि कसैले जन्माएको हो भने, यो संसद विघटन, यो राजनीतिक एउटा कारण यो सँग जोडिएको छ । जसले नेपालमा बनेको बाम एकतालाई टुक्र्यायो । जसले नेपाल समृद्धिको बाटोमा अगाडि गरिराखेको अवस्थालाई कुनै न कुनै ढङ्गले एउटा अस्तित्व पैदा गर्ने, एउटा गत्यवरोध पैदा गर्ने स्थिति पैदा गऱ्यो । यो समस्यामा हामी आत्मसमीक्षा गर्न सक्छौ कि सक्दैनौं दलहरूले? यो आत्मसमीक्षा गर्दा कुनै पनि नेताको कुनै राजनीतिक पार्टीको अथवा कुनै पनि नेतृत्वको height/weight घट्ने होइन, बढ्छ भन्ने नै म आफूलाई लाग्छ त्यसकारण यहाँ उल्टो पछि फर्केर अहिले यतिखेर हामीले विगतका आन्दोलनहरूलाई सम्मान गर्नुको अर्थ, यसलाई respect गर्नुको अर्थ हामीले देशलाई कहीं न कहीं आरोपित गर्ने, त्यसलाई कहीं न कहीं अपमानित गर्ने ढङ्गले हामीले गयौं भने यसले फेरि समस्या सृजना गर्न सक्छ, यसले सही ढङ्गले अगाडि लिन सक्दैन हामीहरूले भन्ने कुरा म आफूलाई लाग्छ । किनकि हामी सबै राजनीतिक पार्टीहरू कुनै न कुनै बेला इतिहासका विभिन्न कालखण्डमा सङ्घर्षबाट,

आन्दोलनबाट, सशस्त्र सङ्घर्षबाटै आएका हौं । हामी के यसो भन्न सक्छौं र? कुनै एउटा नेता विशेष दशकौं, डेढ दशकसम्म जेल बस्नु ठिक छ भन्न सक्छौं र? सक्दैनौं । कुनै एउटा नेता विशेषलाई मलतब उसलाई सजाय दिने, उसलाई दण्डित गर्ने, करेन्ट लगाउने कुरा विगतका शासकहरूले गर्ने कुरा ठिक थियो भन्न सक्छौं र? हामी यसो भन्न सक्दैनौं । त्यो पञ्चायतका विरुद्ध, राणा शासनका विरुद्ध र निरङ्कुश राजतन्त्रका विरुद्ध सङ्घर्ष गरेरै यो उपलब्धि प्राप्त गरेका हौं, त्यसकारण त्यो एउटा त्याग, तपस्या, बलिदान र सङ्घर्षलाई हामीले सम्मान गर्न सिकौं भन्ने कुरा म राख्न चाहन्छु ।

र अर्को तेस्रो कुरा, नजिकै चाडवाड आएको छ । महङ्गी जहाँ बढ्न खोजेको छ, जहाँ कालो बजारी बढ्न खोजेको छ, सरकारले यसको नियन्त्रण गरोस् भन्ने कुरा पनि म अनुरोध गर्न चाहन्छु । र त्यसको साथसाथै अहिले चाडवाड नजिकिइराखेको बेला वर्षातले गर्दा जुन बाटाघाटाहरू खाल्डा खुल्डी भएका छन् । पहिरोका समस्याहरू छन्, यो सबै भत्काएर जनताको सहज आवागमन गर्नको निम्ति सरकारको पनि म यतापट्टी ध्यानाकर्षण गर्न चाहन्छु । र यो देशैभरि संघीयताका विरुद्ध, गणतन्त्रका विरुद्ध र धर्म निरपेक्षताका विरुद्ध त्यो ढङ्गका षड्यन्त्रका तानावानाहरू बुनिने र अराजक ढङ्गले गतिविधिहरू गर्ने कोसिस भइराखेको छ यो सरकारलाई कमजोर बनाउने कुरा मात्रै होइन, अहिलेको व्यवस्थालाई कमजोर बनाउने एउटा षड्यन्त्रका साथै अगाडि आएको छ । यसका विरुद्ध सरकार, सबै राजनीतिक मूल राजनीतिक पार्टीहरू र सबै एक ढिक्का भएर यसको प्रतिरोध गर्नुपर्छ भन्ने कुरा म अपिल गर्दै विदा हुन्छु । धन्यवाद ।

**(१४:२५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

विषयः कार्यभार तोकिएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू संवत् २०८० साल भदौ ३० गते शनिवार संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७८ औं महासभामा सहभागी हुन र तत्पश्चात जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणको सिलसिलामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान

गर्नुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

डिल्ली राम शर्मा

सचिव

२०८०/०५/२९

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँदछु ।

विषयः कार्यभार तोकिएको सम्बन्धमा ।

**क.** माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत इजिप्टको कायरोमा आयोजना हुने ग्लोबल कङ्ग्रेस अन पपुलेशन हेल्थ एण्ड डेभलप्मेन्ट (पी.एच.डी.सी. ट्वेन्टी थ्री) विषयक सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ १८ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल

मुख्यसचिव

२०८०/०५/१७

**ख.** माननीय सहरी विकास मन्त्री सिता गुरूङ नेदरल्याण्ड्समा आयोजना हुने बि.एन.जी. बैङ्कको पूर्वाधार लगानीसम्बन्धी कार्यक्रममा सहभागी हुन संवत् २०८० साल भदौ २४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको सहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल

मुख्यसचिव

२०८०/०५/२२

**ग.** माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको पीस बिल्डिङ्ग कमिसनको कार्यक्रममा प्रतिनिधित्व गर्न संवत् २०८० साल भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

**घ.** माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल क्युवाको हवानामा आयोजना हुने ग्रुप अफ सेभेन्टी सेभन एण्ड चाइना शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल

मुख्यसचिव

२०८०/०५/२६

**ङ.** माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत इजिप्टको शार्म एल शेखमा आयोजना हुने एसियाली पूर्वाधार लागानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा अस्थायी गभर्नरको रूपमा सहभागी हुन संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार र माननीय परराष्ट्र मन्त्रीको अनुपस्थितिमा माननीय अर्थ मन्त्रीले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभारसमेत माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

**च.** माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको

अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

**छ.** माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल

मुख्यसचिव

२०८०/०६/०४

**ज.** माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु मित्र राष्ट्र चीनको होङझाओ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा नेपालको तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय सहरी विकास मन्त्री सिता गुरूङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

एकनारायण अर्याल

निमित्त मुख्यसचिव

२०८०/०६/०५

माननीय सदस्यहरू, विधायनसम्बन्धी विधेयक, २०८० माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई "विधायनसम्बन्धी विधेयक, २०८०" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

(१४:३१ बजे) **मानननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङ**:- सम्माननीय अध्यक्ष महोदय, विधेयक संसदमा पेस गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रिया तथा प्रत्यायोजित विधायन जारी गर्दा अपनाउनुपर्ने प्रक्रिया नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ बमोजिम भइरहेकोमा विधायन व्यवस्थापन सम्बन्धमा ऐन निर्माण गर्न विधेयकको मस्यौदासहित संघीय संसद, राष्ट्रिय सभाको प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिको मिति २०७८/०६/०६ को निर्णयबाट सो विधेयकको मस्यौदाउपर छलफल गरी छलफलबाट प्राप्त सुझावलाई समेत समेटी विधेयकलाई यथाशीघ्र संघीय संसदमा पेस गर्ने प्रक्रिया अघि बढाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई जिम्मेवारी दिइएको थियो ।

संघीय संसदबाट निर्माण हुने कानुनलाई गुणस्तरीय बनाई कानुन निर्माणमा एकरूपता कायम गर्ने जारी भएका ऐनको व्यवस्थित अभिलेख राख्ने, प्रत्यायोजित विधायनको सीमा तोक्ने, ऐनबाट प्रत्यायोजित अधिकार प्रयोग गरी नेपाल सरकार वा अन्य निकायले बनाउने प्रत्यायोजित विधायन मूल विधायनको उद्देश्य विपरित भए नभएको जाँच गर्ने, जारी भएका प्रत्यायोजित विधायनको व्यवस्थित अभिलेख राखी प्रकाशन गर्ने लगायतका विधायन व्यवस्थापनसम्बन्धी प्रावधानहरूका सम्बन्धमा स्पष्ट व्यवस्था गर्न आवश्यक भएकाले अध्यक्ष महोदयको अनुमतिले "विधायनसम्बन्धी विधेयक, २०८०" सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:३४ बजे ।**